| ३६ | ई.एल.आई.एम.एस. तालिम सञ्चालन | दंगीशरण गा.पा. | ५०००० | राजश्व बाँडफाँड संघीय सरकार | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको वार्षिक समिक्षा कार्यक्रम | दंगीशरण गा.पा. | ५०००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | दंगीशरण गा.पा. | ५०००० | वित्तीय समानिकरण लुम्बिनी प्रदेश सरकार | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको वार्षिक समिक्षा कार्यक्रम | दंगीशरण गा.पा. | ५०००० | वित्तीय समानिकरण लुम्बिनी प्रदेश सरकार |
| ३७ | आधारभूत अस्पतालमा आकस्मिक सेवामा खटिएका स्वास्थ्यकर्मीलाई खाजा खर्च | दंगीशरण गा.पा. | ३५०००० | आन्तरिक | आधारभूत अस्पतालमा आकस्मिक सेवामा खटिएका स्वास्थ्यकर्मीलाई खाजा खर्च | दंगीशरण गा.पा. | १००००० | आन्तरिक |
| | | | | | आधारभूत अस्पतालमा आकस्मिक सेवामा खटिएका चिकित्सकहरूलाई नाइट ड्युटी भत्ता | दंगीशरण गा.पा. | २५०००० | आन्तरिक |
| ३८ | कार्यपालिका पदाधिकारीहरू, शाखा प्रमुखहरू र वडा सचिवहरूलाई सार्वजनिक सेवा प्रवाह सम्बन्धी तालिम | दंगीशरण गा.पा. | २००००० | आन्तरिक | टोल विकास संस्था गठन तथा अभिमुखिकरण | दंगीशरण गा.पा. | १००००० | आन्तरिक |
| | | | | | टोल विकास संस्था गठन तथा अभिमुखिकरण | दंगीशरण गा.पा. | १००००० | राजश्व बाँडफाँड- प्रदेश सरकार |
| ३९ | ऐन, नियम र कानून तर्जुमा तथा कार्यान्वयनका लागि जनप्रतिनिधीहरूलाई क्षमता विकास तालिम | दंगीशरण गा.पा. | २००००० | राजश्व बाँडफाँड संघीय सरकार | ऐन, नियम र कानून तर्जुमा तथा कार्यान्वयनका लागि जनप्रतिनिधीहरूलाई क्षमता विकास तालिम | दंगीशरण गा.पा. | १३१००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | कार्यपालिका पदाधिकारीहरू, शाखा प्रमुखहरू तथा वडा सचिवहरूलाई अन्तरपालिका अनुभव आदानप्रदान कार्यक्रम | दंगीशरण गा.पा. | ६९००० | राजश्व बाँडफाँड संघीय सरकार |
| ४० | ५० प्रतिशत लागत सहभागितामा कृषि औजार वितरण | दंगीशरण गा.पा. | १०००००० | वित्तीय समानिकरण- संघीय सरकार | कृषि तथा पशु विकासमा आधारित युवा उद्यमशीलता परियोजना (५० प्रतिशत अनुदानमा कृषि औजार वितरणको लागि) | दंगीशरण गा.पा. | १५००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | ५० प्रतिशत लागत सहभागितामा कृषि औजार वितरण (अघिल्लो आ.व. को निरन्तर योजना) | दंगीशरण गा.पा. | ५००००० | वित्तीय समानिकरण- संघीय सरकार | | | | |
| ४१ | अन्य कार्यालय सञ्चालन खर्च | दंगीशरण गा.पा. | ५८४००० | राजश्व बाँडफाँड संघीय सरकार | खुल्ला मञ्च निर्माण | दंगीशरण गा.पा. | ३५०००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | अन्य कार्यालय सञ्चालन खर्च | दंगीशरण गा.पा. | १४४००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | जग्दी टोपबहादुर डाँगीको खेत नजिक ट्यूववेल निर्माण | वडा नं. १ | १५००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | सलौरा नक्सरवा गुही जाने बाटोमा तारजाली संरक्षण तथा मर्मत | वडा न. ५ | ७५००० | राजश्व बाँडफाँड संघीय सरकार |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७४

१८ औं गाउँ सभाको बैठक संख्या: ... मिति ... को

अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४२ | मर्मत सम्भार खर्च | दंगीशरण गा.पा. | २०००००० | वित्तीय समानिकरण-संघीय सरकार | मर्मत सम्भार खर्च | दंगीशरण गा.पा. | १४५०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | मधरिया सिचाई कुलोमा भसना मर्मत | वडा न. २ | २५०००० | वित्तीय समानिकरण-संघीय सरकार | मधरिया सिचाई कुलोमा भसना मर्मत | वडा नं. २ | ५००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | मन्त्रीडाँडा सामुदायिक भवन प्लाष्टर तथा रङ्गरोगन | वडा नं. ७ | १००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | दमारगाउँ गोल्टाकुरी सडक खण्डको सातटाकुरा कल्भर्ट मर्मत योजना | वडा नं. २ | २००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | बैवाङ रामपुर वडा कार्यालय जाने सडक स्तरोन्नति | वडा नं. १ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | बैवाङ रामपुर वडा कार्यालय जाने सडक स्तरोन्नति | वडा नं. १ | १६८१००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | बैवाङ रामपुर वडा कार्यालय जाने सडक स्तरोन्नति | वडा नं. १ | ५००००० | आन्तरिक | बैवाङ रामपुर वडा कार्यालय जाने सडक स्तरोन्नति | वडा नं. १ | ५००००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | बैवाङ रामपुर वडा कार्यालय जाने सडक स्तरोन्नति | वडा नं. १ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | बैवाङ रामपुर वडा कार्यालय जाने सडक स्तरोन्नति | वडा नं. १ | २००००० | आन्तरिक |
| | दमारगाउँ गोल्टाकुरी प्रहरी चौकी हुँदै बखरिया-बुर्केसाल सडकसम्म सडक कालोपत्रे योजना वडा नं. २ | वडा नं. २ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | दमारगाउँ गोल्टाकुरी प्रहरी चौकी हुँदै बखरिया-बुर्केसाल सडकसम्म सडक कालोपत्रे योजना वडा नं. २ | वडा नं. २ | १६६८५०० | वित्तीय समानिकरण-संघीय सरकार |
| | दमारगाउँ गोल्टाकुरी प्रहरी चौकी हुँदै बखरिया-बुर्केसाल सडकसम्म सडक कालोपत्रे योजना वडा नं. २ | वडा नं. २ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | दमारगाउँ गोल्टाकुरी प्रहरी चौकी हुँदै बखरिया-बुर्केसाल सडकसम्म सडक कालोपत्रे योजना वडा नं. २ | वडा नं. २ | ६००००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | दमारगाउँ गोल्टाकुरी प्रहरी चौकी हुँदै बखरिया-बुर्केसाल सडकसम्म सडक कालोपत्रे योजना वडा नं. २ | वडा नं. २ | ५००००० | आन्तरिक | दमारगाउँ गोल्टाकुरी प्रहरी चौकी हुँदै बखरिया-बुर्केसाल सडकसम्म सडक कालोपत्रे योजना वडा नं. २ | वडा नं. २ | ३००००० | आन्तरिक |
| | हेकुली चौकदेखि रावतगाउँ हुँदै चिरेगार सडक कालोपत्रे योजना | वडा नं. ३ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | हेकुली चौक देखि रावतगाउँ हुँदै चिरेगार सडक कालोपत्रे योजना | वडा नं. ३ | २४८६७०० | वित्तीय समानिकरण-संघीय सरकार |
| | हेकुली चौकदेखि रावतगाउँ हुँदै चिरेगार सडक कालोपत्रे योजना | वडा नं. ३ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | हेकुली चौक देखि रावतगाउँ हुँदै चिरेगार सडक कालोपत्रे योजना | वडा नं. ३ | ७५०००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | हेकुली चौकदेखि रावतगाउँ हुँदै चिरेगार सडक कालोपत्रे योजना | वडा नं. ३ | ५००००० | आन्तरिक | हेकुली चौक देखि रावतगाउँ हुँदै चिरेगार सडक कालोपत्रे योजना | वडा नं. ३ | ५५०००० | आन्तरिक |
| | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे योजना | वडा नं. ४ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे योजना | वडा नं. ४ | २३१५४०० | वित्तीय समानिकरण-संघीय सरकार |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: ३/२०८१/०८२

शम्भु गिरी
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे योजना | वडा नं. ४ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे योजना | वडा नं. ४ | ५९६००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे योजना | वडा नं. ४ | ५००००० | आन्तरिक | हेकुली चौकदेखि मौली बालुवा सडक कालोपत्रे योजना | वडा नं. ४ | ४००००० | आन्तरिक |
| | डाँडागाउँ वडा कार्यालय पोटली डबरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना | वडा नं. ५ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | डाँडागाउँ वडा कार्यालय पोटली डबरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना | वडा नं. ५ | २४९९००० | वित्तीय समानिकरण-संघीय सरकार |
| ४३ | डाँडागाउँ वडा कार्यालय पोटली डबरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना | वडा नं. ५ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | डाँडागाउँ वडा कार्यालय पोटली डबरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना | वडा नं. ५ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | डाँडागाउँ वडा कार्यालय पोटली डबरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना | वडा नं. ५ | ५००००० | आन्तरिक | डाँडागाउँ वडा कार्यालय पोटली डबरा हुँदै हेकुली सडकसम्म कालोपत्रे योजना | वडा नं. ५ | ५००००० | आन्तरिक |
| | बागर चौकदेखि दामोदर सडक कालोपत्रे योजना | वडा नं. ६ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | बागर चौकदेखि दामोदर सडक कालोपत्रे योजना | वडा नं. ६ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | बागर चौकदेखि दामोदर सडक कालोपत्रे योजना | वडा नं. ६ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | बागर चौकदेखि दामोदर सडक कालोपत्रे योजना | वडा नं. ६ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | बागर चौकदेखि दामोदर सडक कालोपत्रे योजना | वडा नं. ६ | ५००००० | आन्तरिक | बागर चौकदेखि दामोदर सडक कालोपत्रे योजना | वडा नं. ६ | १७३००० | आन्तरिक |
| | रचपल बुटनिया सडक कालोपत्रे योजना | वडा नं. ७ | २३००००० | वित्तीय समानिकरण-संघीय सरकार | रचपल बुटनिया सडक कालोपत्रे योजना | वडा नं. ७ | २४०४००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | रचपल बुटनिया सडक कालोपत्रे योजना | वडा नं. ७ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार | रचपल बुटनिया सडक कालोपत्रे योजना | वडा नं. ७ | ७००००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | रचपल बुटनिया सडक कालोपत्रे योजना | वडा नं. ७ | ५००००० | आन्तरिक | रचपल बुटनिया सडक कालोपत्रे योजना | वडा नं. ७ | ५००००० | आन्तरिक |
| | प्रशासनिक भवनको गेट तथा प्राङ्गण निर्माण योजना | दंगीशरण गा.पा. | १५००००० | वित्तीय समानिकरण-संघीय सरकार | प्रशासनिक भवनको गेट तथा प्राङ्गण निर्माण योजना | दंगीशरण गा.पा. | १६००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | प्रशासनिक भवनको गेट तथा प्राङ्गण निर्माण योजना | दंगीशरण गा.पा. | १३८००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | प्रशासनिक भवनको गेट तथा प्राङ्गण निर्माण योजना | दंगीशरण गा.पा. | ४६२००० | आन्तरिक |
| | बिजुलीपुर सिचाई योजना | वडा नं. ३ | २५००००० | वित्तीय समानिकरण-संघीय सरकार | बिजुलीपुर सिचाई योजना | वडा नं. ३ | २३३३३०४ | वित्तीय समानिकरण-संघीय सरकार |
| | बिजुलीपुर सिचाई योजना | वडा नं. ३ | १५००००० | राजश्व बाँडफाँड-स्थानीय सरकार | बिजुलीपुर सिचाई योजना | वडा नं. ३ | ८४०००० | राजश्व बाँडफाँड-स्थानीय सरकार |
| | बिजुलीपुर सिचाई योजना | वडा नं. ३ | १०००००० | आन्तरिक | बिजुलीपुर सिचाई योजना | वडा नं. ३ | १०३०००० | आन्तरिक |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २।२०७९।१०।

शम्भु गिरी
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | भानु मा.वि. प्रसडुवा विद्यालय भवन निर्माण | वडा नं. ६ | ९३४२६९ | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | भानु मा.वि. प्रसडुवा विद्यालय भवन निर्माण | वडा नं. ६ | १५०००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | भानु मा.वि. प्रसंडुवा विद्यालय भवन निर्माण | वडा नं. ६ | ३५०००० | आन्तरिक |
| | | | | | आगलागि नियन्त्रणका लागि पानीको फोहरा सहितको ट्याङ्कर खरिद | दंगीशरण गा.पा. | ६३८८२७ | वित्तीय समानिकरण-संघीय सरकार |
| ४३ | दंगीशरण गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण | दंगीशरण गा.पा. | २५०००० | आन्तरिक | बबई नदी कटान नियन्त्रण वैलेवा वडा नं. १ रहरपुर | वडा नं. १ | १५०००० | आन्तरिक |
| | | | | | वडा नं. ६ को सिस्वानीमा बाटो संरक्षणका लागि तारजाली मर्मत योजना | वडा नं. ६ | १००००० | आन्तरिक |
| ४४ | कर्मचारीको तालिम खर्च | दंगीशरण गा.पा. | ५००००० | राजश्व बाँडफाँड-संघीय सरकार | कर्मचारी तालिम खर्च | दंगीशरण गा.पा. | ३००००० | राजश्व बाँडफाँड-संघीय सरकार |
| | कर्मचारीको भ्रमण खर्च | दंगीशरण गा.पा. | ५००००० | राजश्व बाँडफाँड-संघीय सरकार | कर्मचारी भ्रमण खर्च | दंगीशरण गा.पा. | ७००००० | राजश्व बाँडफाँड-संघीय सरकार |
| ४५ | उपभोक्ता समितिहरूको लागि योजना व्यवस्थापन तालिम | दंगीशरण गा.पा. | २२५००० | राजश्व बाँडफाँड-संघीय सरकार | वडा नं. ६ को सिस्वानीमा बाटो संरक्षणका लागि तारजाली मर्मत योजना | वडा नं. ६ | ३२५००० | राजश्व बाँडफाँड-संघीय सरकार |
| | सहकारी संस्थाहरूलाई कार्यालय सञ्चालन तथा लेखा व्यवस्थापन तालिम | दंगीशरण गा.पा. | १००००० | राजश्व बाँडफाँड-संघीय सरकार | | | | |
| ४६ | न्यायिक समितिका पदाधिकारीहरू, मेलमिलापकर्ता र कर्मचारीहरूका बीच अन्तरपालिका न्यायिक समिति अध्ययन अवलोकन | दंगीशरण गा.पा. | २००००० | आन्तरिक | सरस्वती आ.वि. पदमपुर विद्यालय मर्मत योजना | वडा नं. ३ | ५०००० | आन्तरिक |
| | | | | | बागेचिरा तालमा डुङ्गा सञ्चालनका लागि डुङ्गा खरिद | वडा नं. २ | १५०००० | आन्तरिक |
| ४७ | न्यायिक समितिको क्षमता विकास तालिम कार्यक्रम | दंगीशरण गा.पा. | ३००००० | राजश्व बाँडफाँड-संघीय सरकार | न्यायिक समितिको क्षमता विकास तालिम | दंगीशरण गा.पा. | १००००० | राजश्व बाँडफाँड-संघीय सरकार |
| | | | | | न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरूका लागि अन्तरस्थानीय तह न्यायिक समिति अनुभव आदान प्रदान कार्यक्रम | दंगीशरण गा.पा. | २००००० | राजश्व बाँडफाँड-संघीय सरकार |
| ४८ | सरुवाडाँडा डबरागाउँदेखि सिमलकुना बाटो मर्मत योजना | वडा न.. २ | २००००० | वित्तीय समानिकरण-संघीय सरकार | सरुवाडाँडा डबरागाउँ सिचाई कुलो निर्माण योजना | वडा नं. २ | १५०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | सरुवाडाँडा घट्वा गनार कृषि बाटो निर्माण | वडा नं. २ | ५०००० | वित्तीय समानिकरण-संघीय सरकार |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल

गाउँ सभाको

शम्भु गिरी
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४९ | अति गरिवीको परिचय पत्र भएका, द्वन्दपिडित र जटिल प्रकारको दिर्घरोगीहरूको लागि निशुल्क स्वास्थ्य बीमा | दंगीशरण गा.पा. | २३८००० | वित्तीय समानिकरण-प्रदेश सरकार | हेकुली स्वास्थ्य चौकीमा झ्यालमा ग्रील लगाउने योजना | वडा नं. ३ | २४८००० | वित्तीय समानिकरण-प्रदेश सरकार |
| | हेकुली स्वास्थ्य चौकीमा प्रयोगशाला सुधार खर्च अनुदान | हेकुली स्वास्थ्य चौकी | ६५००० | आन्तरिक | हेकुली स्वास्थ्य चौकीमा झ्यालमा ग्रील लगाउने योजना | वडा नं. ३ | ५५००० | आन्तरिक |
| ५० | चितानपुर समाधिस्थलमा सामुदायिक भवन निर्माण | वडा नं. ३ | ६००००० | वित्तीय समानिकरण-संघीय सरकार | चितानपुर समाधिस्थलमा सामुदायिक भवन निर्माण | वडा नं. ३ | १५०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | चितानपुर शान्ति महिला कृषक सामुदायिक भवन निर्माण प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी | वडा नं. ३ | ४५०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| ५१ | मायाखोला सुकदेवा मुर्गेवा टोल बाटो निर्माण योजना | वडा नं. ४ | २००००० | वित्तीय समानिकरण-संघीय सरकार | बैवाङ बाँधदेखि तल गिठनेवा खेतदेखि माथि मायाखोलामा बाँध निर्माण योजना | वडा नं. ४ | ४००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | बैवाङ बाँधदेखि तल गिठनेवा खेतदेखि माथि मायाखोलामा बाँध निर्माण योजना | वडा नं. ४ | २००००० | वित्तीय समानिकरण-संघीय सरकार | | | | |
| ५२ | बुढागाउँ सिचाई कुलो निर्माण प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी | वडा नं. १ | १००००० | वित्तीय समानिकरण-संघीय सरकार | रामपुर भुईँयारथानमा बाटो तथा प्राङ्गण निर्माण योजना | वडा नं. १ | ११५००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | रामपुर महवा कुलो निर्माण प्रधानमन्त्री कार्यक्रमसँग . साझेदारी | वडा नं. १ | १००००० | वित्तीय समानिकरण-संघीय सरकार | बाँकी गंगा वलीको खेतनेर सार्वजनिक स्यालो ट्युववेल निर्माण | वडा नं. १ | ८५००० | वित्तीय समानिकरण-संघीय सरकार |
| ५३ | पदाधिकारी तथा कर्मचारी बैठक भत्ता | वडा नं. १ | २८८००० | राजश्व बाँडफाँड संघीय सरकार | पदाधिकारी तथा कर्मचारी बैठक भत्ता | वडा नं. १ | २५२००० | राजश्व बाँडफाँड संघीय सरकार |
| | | | | | बाँकी आधारभूत विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन शैक्षिक अनुदान | वडा नं. १ | ३६००० | राजश्व बाँडफाँड संघीय सरकार |
| ५४ | मर्मत सम्भार खर्च | वडा नं. १ | ६०००० | राजश्व बाँडफाँड-स्थानीय | वडाभित्रका विद्युत पोल ओसारपसार तथा गाड्ने ज्याला | वडा नं. १ | २५००० | राजश्व बाँडफाँड-स्थानीय |
| | | | | | मर्मत सम्भार खर्च | वडा नं. १ | ३५००० | राजश्व बाँडफाँड-स्थानीय |
| ५५ | जग्दी खेत टोपबहादुर डाँगीको नजिक ठोकुवा बोरिङ्ग निर्माण | वडा नं. १ | ३४७०० | आन्तरिक | जग्दी टोपबहादुर डाँगीको खेत नजिक ट्युववेल निर्माण | वडा नं. १ | ६८७०० | आन्तरिक |
| | जग्दी खयरको रूखनेर ठोकुवा बोरिङ्ग निर्माण | वडा नं. १ | ३४००० | आन्तरिक | | | | |
| ५६ | विपदको बेला आकस्मिक खर्च व्यवस्थापन | वडा नं. २ | १५०००० | आन्तरिक | वडा नं. २ का भित्री सडक तथा कवा मर्मत | वडा नं. २ | १८६००० | आन्तरिक |

गाउँ सभाको
बैठक संख्या: ...
मिति ... को

गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६३ | वडाभित्रको भौतिक संरचना मर्मत सम्भार व्यवस्थापन | वडा नं. ६ | १००००० | वित्तीय समानिकरण-प्रदेश सरकार | बागर सडक वत्ती | वडा नं.६ | ९०००० | वित्तीय समानिकरण-प्रदेश सरकार |
| | बागर चौपारी निर्माण योजना प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी | वडा नं. ६ | ५५००० | राजश्व बाँडफाँड-स्थानीय | बागर सडक वत्ती | वडा नं. ६ | २०००० | राजश्व बाँडफाँड-स्थानीय |
| | | | | | ह्युमपाइप ढुवानी सहित आवश्यक मर्मत योजना | वडा न. ६ | ४५००० | आन्तरिक |
| ६४ | लेटारमा वन्यजन्तुबाट कृषि वालीको क्षति रोकथामका लागि तार जाली निर्माण योजना प्रधानमन्त्री रोजागार कार्यक्रमसँग साझेदारी | वडा नं. ६ | ६००००० | वित्तीय समानिकरण-संघीय सरकार | लेटारमा पक्की कुलो निर्माण योजना | वडा नं. ६ | ९००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | लेटारमा बाली संरक्षणका लागि तारजाली | वडा नं. ६ | ३००००० | वित्तीय समानिकरण-संघीय सरकार | | | | |
| ६५ | दलित तथा विपन्नको विद्यार्थीको लागि शैक्षिक सामाग्री हस्तान्तरण | वडा नं. ६ | २००००० | राजश्व बाँडफाँड-प्रदेश सरकार | दलित तथा विपन्न विद्यार्थीको लागि पोशाक वितरण कार्यक्रम (भानु मा.वि. प्रसडुवा) | वडा नं. ६ | १००००० | राजश्व बाँडफाँड-प्रदेश सरकार |
| | | | | | डिप बोरिङ्गको पाइप विस्तारका लागि डाँडा कुलो सम्म पाइप खरिद योजना | वडा नं. ६ | ६०००० | राजश्व बाँडफाँड-प्रदेश सरकार |
| | | | | | नर्सरी ब्याड निर्माणको लागि आवश्यक सामाग्री खरिद | वडा नं. ६ | ४०००० | राजश्व बाँडफाँड-प्रदेश सरकार |
| ६६ | बोकटी खोप क्लिनिक निर्माण योजना | वडा नं. ७ | २५०००० | वित्तीय समानिकरण-संघीय सरकार | बोकटी खोप क्लिनिक निर्माण योजना | वडा नं. ७ | ३००००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | बोकटी सडक ग्राभेल योजना | वडा नं. ७ | १००००० | वित्तीय समानिकरण-संघीय सरकार | बाँका कल्भर्ट निर्माण योजना | वडा नं. ७ | ५०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| ६७ | बाँका मन्दिर व्यवस्थापन कार्यक्रम | वडा नं. ७ | ८०००० | वित्तीय समानिकरण-संघीय सरकार | बाँका मन्दिरमा सांस्कृतिक सामाग्री वितरण | वडा नं. ७ | ६०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | मुख्य चौकहरूमा सडक बत्ती जडान कार्यक्रम | वडा नं. ७ | ५०००० | वित्तीय समानिकरण-संघीय सरकार | बुटनिया बुद्दीपुर पनबटुवा मर्मत योजना | वडा नं. ७ | ७०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| ६८ | खानेपानी पाइप खरिद कार्यक्रम | वडा नं. ७ | १००००० | वित्तीय समानिकरण-संघीय सरकार | बोकटी स्कुलदेखि माथि ग्राभेल योजना | वडा नं. ७ | ३०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | | | | | निर्मलाको घरनेर ग्राभेल योजना | वडा नं. ७ | २०००० | वित्तीय समानिकरण-संघीय सरकार |

गाउँपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।८२
मिति २०८१।१२।१६ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | डाब्री बुट्टीपुर जोड्ने कल्भर्ट निर्माण योजना | वडा नं. ७ | ५०००० | वित्तीय समानिकरण-संघीय सरकार |
| | जम्मा | | ४३१३९७०० | | जम्मा | | ४३१३९७०० | |
| कूलजम्मा | | | ४८०२५७०० | | कूल जम्मा | | ४८०२५७०० | |

गाउँपालिकाको कार्यालय

शम्भु गिरी
अध्यक्ष

१४औं गाउँ सभाको
बैठक संख्या: ४/२०७९/०८२
मिति २०७९/०४/०६ को
निर्णय प्रमाणित।

# दंगीशरण गाउँपालिकाको वन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

**सभामा पेश भएको मितिः २०८१/१२/१५**

**सभाबाट पारित भएको मितिः २०८१/१२/१७**

**प्रस्तावनाः** नेपालको संविधानमा उल्लिखित वन माथिको स्थानीय सरकार र समुदायको अधिकारलाई व्यावहारिक रूपमा प्रत्याभूत गराउँदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट स्थानीय सरकार र समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आर्थिक सम्वृद्धि एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुऱ्याउन वनको व्यवस्थापन, उपयोग सम्बन्धी स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दंगीशरण गाउँसभाले यो ऐनको बनाएको छ।

दंगीशरण गाउँपालिका गाउँपालिकाको कार्यालय कार्यालय

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिकाको स्थानीय वन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्वर्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १२ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूह सम्झनुपर्छ।

(ख) "कबुलियती वन" भन्नाले दफा २६ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय वन सम्झनुपर्छ।

(ग) "गाउँपालिका" भन्नाले दंगीशरण गाउँपालिका सम्झनुपर्छ।

(घ) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रुखहरूबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुटी तथा अन्य सबै जैविक उत्पत्तिका सामान सम्झनुपर्छ।

(ङ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनुपर्छ।

(च) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरू एक वासस्थानबाट अर्को वासस्थानमा आवत-जावत गर्ने क्षेत्र वा वन जङ्गल वा वन क्षेत्र सम्झनुपर्छ।

(छ) "टाँचा" भन्नाले ढला काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनुपर्छ।

गाउँ सभाको बैठक संख्या: मिति: २०८१/१२/१७ अध्यक्ष

(ज) "धार्मिक वन" भन्नाले दफा २७ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय वन सम्झनुपर्छ।

(झ) "निजी वन" भन्नाले प्रचलित कानुन बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनुपर्छ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउँनेछ।

(ञ) "राष्ट्रिय वन" भन्नाले गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, कबुलियती वन र धार्मिक वन समेतलाई जनाउँछ।

(ट) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनुपर्छ।

(ठ) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछ:-

(अ) काष्ठजन्य वन पैदावार,

(आ) जडीबुटी र गैरकाष्ठ वन पैदावार र

(इ) चट्टान, ढुङ्गा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(ड) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपटलाई जनाउँदछ र सो शव्दले प्रचलित कानुन बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्ढित वन सिमाना चिन्ह् समेतलाई जनाउँनेछ।

(ढ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानुनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँछ।

(ण) "व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्रीवितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानुन बमोजिम स्वीकृत वनसम्वन्धी कार्य योजनालाई जनाउँदछ।

(त) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँछ:-

(अ) कार्वन सेवा,

(आ) जैविक विविधताको संरक्षण,

(इ) जलाधार तथा जलचक्र प्रणाली,

(ई) पर्यापर्यटन र

(उ) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ।

शम्भु गिरी
अध्यक्ष

१४औँ गाउँ सभाको
बैठक संख्या: २१.२०८१।०८२
मिति २०८१।१२।२१।१६ को
निर्णय प्रमाणित।

(थ) "वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन समेतलाई जनाउँछ।

(द) "व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्रीवितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानुन बमोजिम स्वीकृत वनसम्बन्धी कार्य योजनालाई समेत जनाउँछ।

(ध) "सामुदायमा आधारित जलवायु अनुकूलन" भन्नाले अनुकूलन योजना तर्जुमा सम्बन्धी प्रचलित मापदण्ड तथा कार्यविधि र गाउँपालिकाको अनुकूलन योजनालाई समेत मध्यनजर गर्दै उपभोक्ता समूहले आफ्नो स्थानीय समदायका लागि अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई जनाउँछ।

(न) "सामुदायिक वन" भन्नाले यस ऐन र वन सम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएको वनलाई जनाउँछ।

(प) "सार्वजनिक जग्गा" भन्नाले जग्गा र वनसम्बन्धी प्रचलित कानुन बमोजिम परिभाषित गरिए अनुसार गाउँपालिकाको क्षेत्रमा पहिचान र सिमाङ्कन गरिएका सार्वजनिक जग्गालाई जनाउँछ।

## परिच्छेद -२

## वनको सीमा निर्धारण, भू–उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

३. **वनको सिमाना निर्धारण:** (१) वन सम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले गाउँपालिकामा कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सिमानामा रहेको निजी जग्गावालाहरूलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा गाउँपालिकाको अध्यक्षले प्रमाणित गरी सोको एक प्रति गाउँपालिकामा र एक प्रति प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा अभिलेख राख्नु पर्नेछ।

४. **वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने:** (१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरू समेत गाउँपालिकामा कार्यपालिकासँग छलफल गरी सङ्घीय कानुन बमोजिम वनको सिमानाभित्र पारी वन सिमाना कायम गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमाना भित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वनसम्बन्धी सङ्घीय कानुन बमोजिम हुनेछ।

(३) वन सिमानाभित्र परेको निजी जग्गाको वनसम्बन्धी सङ्घीय कानुन बमोजिम लगत कट्टा गर्नु पर्नेछ।

गाउँ सभाको बैठक संख्या: २।२०८१।८२ मिति: २०८१।१२।१६ को निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वनसम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी गाउँपालिकाको कार्यपालिका समक्ष दिनुपर्नेछ र गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको भूमि करसम्बन्धी लगत कट्टा गर्नु पर्नेछ।

५. **<u>वनसम्बन्धी भू–स्वामित्व:</u>** (१) गाउँपालिकाको क्षेत्रभित्र रहेको वनमाथिको भू–स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:-

(क) गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरूमाथिको भू–स्वामित्व गाउँपालिकामा निहित रहनेछ।

(ख) गाउँपालिकामा राष्ट्रिय वनको रूपमा रहेका वनक्षेत्रका जग्गामाथिको भू–स्वामित्व वन सम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम नेपाल सरकारमा रहनेछ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरू सामुदायिक जग्गाको रूपमा रहनेछ।

(२) प्रथाजनित रूपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनमा परम्परागत रूपमा स्थापित सम्बन्धित प्रथाजनित संस्थाको अधिकार रहनेछ।

(३) नेपाल सरकारले गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू–उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व गाउँपालिकाको कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ।

६. **<u>वन व्यवस्थापन प्रणाली:</u>** (१) गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रूपमा व्यवस्थापन गरिनेछ।

(२) विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीमध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) गाउँपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रूपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा गाउँपालिका आफैले वा कुनै संघ-संस्थाका माध्यमबाट व्यवस्थापन गर्न गराउन सक्नेछ।

७. **<u>भू–उपयोग योजना र वन क्षेत्रको भू–उपयोग परिवर्तन:</u>** (१) गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू–उपयोग योजना तर्जुमा गर्दा गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई वन क्षेत्रको रूपमा कायम गर्नुपर्नेछ।

(२) गाउँपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि वनमा कुनै पनि किसिमको बसोवास वा पुनर्वास गर्ने गराइने छैन।

तर प्राकृतिक प्रकोप पीडित घरधुरीहरूलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधिभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी अस्थायी बसोबास गराउन सकिनेछ।

गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

गाउँ सभाको बैठक संख्या: ... मिति ... को निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(३) नेपालको संविधान बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई रुख विरुवा नभएको कुनै क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्ने भएमा भूमिसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(४) वन क्षेत्रको भू–उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई मन्त्रिपरिषद्बाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू–उपयोग परिवर्तन गर्न पाइनेछ।

८. **वन क्षेत्रमा विकास आयोजना सञ्चालन:** (१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पुनर्स्थापन गर्ने सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन।

तर गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारको स्वीकृति लिई निश्चित वन क्षेत्र प्रयोग गर्न सक्नेछ।

(३) गाउँपालिकामा नक्शामा वन क्षेत्रको रूपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बरावर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ।

९. **वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्ने:** (१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सोबाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरूसँग पूर्वसूचित सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानुन बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, सङ्कलन, ओसार पसार र घाटगद्धी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ।

१०. **वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोग:** (१) गाउँपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको सङ्कलन तथा प्रशोधनसम्बन्धी कार्य गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले निर्धारण गरे बमोजिमको नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात् मात्र उत्खनन् गर्न पाइनेछ।

गाउँपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।०८
मिति २०८१।१२।१६ को
निर्णय प्रमाणित।

अध्यक्ष

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको सङ्कलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरूका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले तर्जुमा गरेका मापदण्डहरूको समेत पालना गर्नुपर्नेछ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ सङ्कलन गर्दा सम्बन्धित उपभोक्ता समूहको समेत पूर्वसहमति लिनु पर्नेछ।

(४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन् गर्दा खानी तथा खानिज पदार्थ, वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम गर्नुपर्नेछ।

(५) गाउँपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको बिक्रीवितरणबाट प्राप्त रकममध्ये कम्तीमा २५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूह मार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ।

(६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरी सम्बन्धित उपभोक्ता समूहले त्यस्तो खनिज पदार्थ बिक्री गर्न सक्नेछ।

११. **वन क्षेत्रमा वातावरणीय मापदण्डको पालना**: (१) वातावरण संरक्षणसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका प्रस्ताव गाउँपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरूका बारेमा वातावरणीय अध्ययन गरी सोसम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनुपर्नेछ।

(२) गाउँपालिकाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नुपर्नेछ।

(३) गाउँपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरूका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा गाउँपालिकाको कार्यपालिका बैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको हुनुपर्नेछ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतीका क्रममा पालना गर्नुपर्ने सर्वाजनिक सुनुवाई लगायतका अन्य विषयहरू प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ।

## परिच्छेद -३
## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

१२. **उपभोक्ता समूहको गठन:** (१) गाउँपालिकामा सामुदायिक हितका लागि सामुहिक रूपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित उपयोग गर्न, सामाजिक र आर्थिक विकास गर्न एवं वन व्यवस्थापनमा लैङ्गिक समानाता र सामाजिक समावेशीकण प्रवर्धन गर्न चाहने त्यस्तो वनको सम्बन्धित

गाउँ सभाको
बैठक संख्या:
मिति
निर्णय प्रमाणित।

अध्यक्ष

उपभोक्ताहरूले यस ऐन र वनसम्बन्धी प्रचलित सङ्घीय कानुनमा निर्धारित प्रक्रिया अवलम्बन गरी गाउँपालिकासँगको समन्वय र छलफलका साथै सहभागितामूलक रूपमा उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रूपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरू सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रूपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै धरधुरीबाट एक महिला वा एक पुरुषको नाम साधारण सदस्यको रूपमा समावेश गर्नुपर्नेछ।

(३) उपभोक्ता समूहको कार्यसमितिको अवधि बढीमा चार वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिवमध्ये एक जना महिला र उपाध्यक्ष तथा कोषाध्यक्षमध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै समाजिक रूपमा समावेशीकरण कायम गर्नु पर्नेछ।

(४) उपभोक्ता समितिको खारेजी प्रचलित कानूनमा भएको व्यवस्थाको उल्घन हुने कार्य गरेमा वडा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले समिति खारेज गर्नु पर्नेछ ।

१३. **उपभोक्ता समूहको दर्ता:** (१) दफा १२ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि गाउँपालिकाको वन तथा वातावरण शाखाको सुझाव र वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको ढाँचामा निर्धारित विधान सहित प्रदेश सरकारको वनसम्बन्धी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, निवेदन र विधान प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले आवश्यक अध्ययन गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण–पत्र प्रदान गर्नु पर्नेछ।

(३) उपभोक्ता समूह गठन र विधान दर्ताका क्रममा प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले गाउँपालिकासँग समन्वय गरी छलफल गर्नुपर्नेछ र उपभोक्ता समूहको गठन, विधान तर्जुमा र उपभोक्ता समूह दर्ताका लागि यस गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरू वनसम्बन्धी प्रचलित सङ्घीय कानुनमा उल्लेख भए बमोजिम हुनेछ।

(५) दफा (१३) र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानुन बमोजिम दर्ता भइसकेका उपभोक्ता समूहहरू पुन: दर्ता हुनु पर्नेछ।

१४. **उपभोक्ता समूह संगठित संस्था हुने**: (१) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला, संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

गौमुखी गाउँपालिका गाउँपालिकाको कार्यालय
गाउँ सभाको बैठक संख्या: ...... मिति ...... को निर्णय प्रमाणित।
अध्यक्ष

१५. **उपभोक्ता समूहको कोष:** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरू जम्मा गरिनेछ:

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री बितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) प्रचलित कानुन बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि गाउँपालिकाले समय समयमा दिएको राय सुझावलाई समेत मध्यनजर गरी समूहले कोष परिचालन मार्गदर्शन तर्जुमा गर्नुपर्नेछ।

१६. **उपभोक्ता समूहको विवरण र प्रगति प्रतिवेदन पेस गर्नुपर्ने:** (१) प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले गाउँपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको प्रमाणपत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि गाउँपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले एक महिनाभित्रमा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को ङ. बमोजिम गाउँपालिकाले यस ऐन बमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ।

(३) उपभोक्ता समूहको विधानमा निर्धारित प्रक्रिया बमोजिम उपभोक्ता समूहले प्रत्येक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गरी सोको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धि र वर्तमान अवस्थाको विवरणसहितको वार्षिक प्रतिवेदन प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा पेस गरी सोको एक प्रति गाउँपालिका समक्ष पनि पेस गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

(६) गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा वनसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ।

शम्भु गिरी
अध्यक्ष

गाउँ सभाको
बैठक संख्या:
मिति ... को
निर्णय प्रमाणित।

## परिच्छेद – ४
## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. **सामुदायिक वन हस्तान्तरण**: (१) गाउँपालिकामा सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न बाँकी रहेमा वन क्षेत्रहरू पहिचान गरी सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ।

(२) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना गाउँपालिकाको वन तथा वातावरण शाखामा पेस गरी प्राप्त सुझाव तथा परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नु पर्नेछ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा सात दिनभित्रमा वन तथा वातावरण शाखाले आवश्यक सुझाव दिनु पर्नेछ र उक्त समयभित्र कुनै सुझाव नदिएमा सोही कुरा जनाई वन व्यवस्थापन कार्ययोजना स्वीकृतीका लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालय समक्ष पेस गर्नुपर्नेछ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको प्रचलित कानुन बमोजिम बिक्रीवितरण समेत गर्न पाउने गरी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र गाउँपालिकाको वन तथा वातावरण शाखाको सुझाव तथा परामर्श सहित प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा निवेदन दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेस भएको वन व्यवस्थापन कार्ययोजना प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले अध्ययन पश्चात् स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतयाः दश वर्षका लागि तर्जुमा गर्न सकिने छ र गाउँपालिकाको वन तथा वातावरण शाखाबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा प्रतिकूल असर पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागु नगर्न निर्देशन दिई सोको जानकारी गाउँपालिकामा समेत दिनु पर्नेछ।

झम्सु गिरी
अध्यक्ष

१८औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।०८२
मिति २०८१।१२।१६ को
निर्णय प्रमाणित।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानुन बमोजिम एक पटक हस्तान्तरण भएको वन पुन: हस्तान्तरण गर्नुपर्ने छैन।

१८. **सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिने:** (१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिबीको रेखामुनि रहेका विपन्न घरधुरीहरूलाई सामुहिक वा एकल रूपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग भौगोलिक वनावट र परिवेशकालाई मध्यनजर गरी कुनै व्यवसाय सञ्चालन गर्नक लागि बढीमा पन्ध्र वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रूपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरू स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बिच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ।

१९. **वन पैदावारको मूल्य निर्धारण:** (१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम प्रचलित कानुन बमोजिम बिक्रीवितरण गर्न सक्नेछन्।

तर उपभोक्ता समूहले आप्mनो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि बिक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वनसम्बन्धी प्रचलित सङ्घीय कानुनमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ।

(२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण गाउँपालिका, प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(३) उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा वन पैदावारको मूल्यका बारेमा गाउँपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

२०. **सामुदायिक वनको काठ सङ्कलन र बिक्रीवितरण:** (१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि बिक्रीवितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरूको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आब्हान, बिक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरू वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछन्।

(२) उपदफा (१) बमोजिमका कार्यहरू गर्दा गाउँपालिका वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय वा उपभोक्ता समूहको आफ्नै प्राविधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक कार्यविधि वा प्रक्रियाहरू अवलम्बन गर्न सक्नेछन्।

२१. **वन पैदावार बिक्रीवितरणको वार्षिक योजना जानकारी गराउने:** उपभोक्ता समूहले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम सङ्कलन हुने वन पैदावारको उपयोग तथा बिक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना तयार गर्नु पूर्व सम्वन्धित वडा समितिको सिफारिस लिई कार्ययोजना बनाई सोको एक प्रति गाउँपालिकामा जानकारीका लागि उपलब्ध गराउनु पर्नेछ।

गाउँपालिकाको कार्यालय

गाउँ सभाको
बैठक संख्या: ........
मिति ........ को
निर्णय प्रमाणित।
अध्यक्ष

२२. **वन पैदावार बिक्री शुल्क:** सामुदायिक वन उपभोक्ता समूहले समूह बाहिर व्यावसायिक प्रयोजनका लागि वन पैदावार बिक्री वापत प्राप्त हुने रकममध्ये कुनै रकम प्रचलित सङ्घीय कानुन बमोजिम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यसरी जम्मा गर्नुपर्ने रकम आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समूहले गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

२३. **समुदायिक वनबाट प्राप्त लाभको सदुपयोग:** (१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्रीवितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तीमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तीमा पचास प्रतिशत रकम गाउँपालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं सशक्तीकरणसम्बन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेस गर्नका लागि तर्जुमा गरेको वार्षिक कायक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तीमा ७ दिन अगाडी गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ।

(४) उपभोक्ता समूह र गाउँपालिकाले संयुक्त रूपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना बनाउन सकिनेछ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरू गर्दा उपभोक्ता समूह र गाउँपालिका बिच सहकार्य गरी सामुदायिक विकासका कार्यहरू गर्न सकिनेछ।

(६) उपदफा (२) बमोजिम खर्च गरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ।

तर प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा पच्चिस प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ र सोभन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समूहको साधारण सभाबाट सहमति लिनु पर्नेछ।

२४. **वन व्यवस्थापन कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजाय:** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानिनोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रूपमा असुलउपर गर्न सक्नेछ।

(२) सामुदायिक वनको कार्ययोजना विपरीतको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले गाउँपालिकामा रहेको न्यायिक समिति वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयसमक्ष निवेदन गर्न सक्नेछ।

(३) उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानिनोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले प्रदेश सरकारको वन

गाउँ सभाको
बैठक संख्या:
मिति: ...को

अध्यक्ष

सम्बन्धी कार्यालयसमक्ष निवेदन गर्न सक्नेछ र निजलाई वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको सजाय हुनेछ।

(४) उपदफा (२) र (३) बमोजिम न्यायिक समिति र प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन परेमा कसुरको प्रकृति अनुसार न्यायिक समिति र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आ–आप्mनो क्षेत्राधिकारभित्र पर्ने विषयमा छानविन गरी प्रचलित कानुन बमोजिमको जरिवाना वा दण्ड सजाय गर्न सक्नेछ।

२५. **सामुदायिक वनको विवाद व्यवस्थापनः** (१) सामुदायिक वनका विषयमा सिर्जना हुने विवाद समाधानका लागि गाउँपालिकाले सहजीकण गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाको समन्वयमा गाउँपालिकासहित, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय र सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी विवाद समाधान संयन्त्र स्थापना गर्न सकिनेछ।

## परिच्छेद -५

## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वनसम्बन्धी व्यवस्था

२६. **कबुलियती वन हस्तान्तरण गर्न सक्ने:** (१) गाउँपालिकांको विभिन्न वडा कार्यालयहरूले गरिबीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारको समूहलाई गरिबी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न प्रदेश सरकारको वन सम्बन्धी कार्यालयसमक्ष सिफारिस गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले गरिबीको रेखामुनिका परिवारको कबुलिती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती वनको कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रूपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ।

(३) प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती वनको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा गाउँपालिकाले कबुलियती वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) कबुलिती वन उपभोक्ता समूहसम्बन्धी अन्य व्यवस्था वनसम्बन्धी प्रचलित सङ्घीय तथा प्रदेश कानुन र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ।

२७. **धार्मिक तथा सांस्कृतिक महत्वका वनहरूको संरक्षणः** (१) गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरू रहेमा सोको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १३ र १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसँग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ।

गाउँपालिकाको कार्यालय

गाउँ सभाको बैठक संख्या: २।२०८१।०८२ मिति २०८१।१२।१६ को

अध्यक्ष

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि गाउँपालिकाको सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रुखहरू गाउँपालिकामा कार्यपालिकाको समन्वय र सहमतिमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले बिक्रीवितरण गर्न सक्नेछ।

## परिच्छेद -६

## वनमा आधारित उद्यम विकास, पर्यापर्यटन र वातावरणीय सेवासम्बन्धी व्यवस्था

२८. **वन उद्यमको विकास गर्न सक्ने:** (१) गाउँपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरणसम्बन्धी प्रचलित कानुन बमोजिमका मापदण्डहरूको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन्।

(२) गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरूले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानुनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन्।

(३) सार्वजनिक सामुदायिक-निजी साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वनसम्बन्धी प्रचलित सङ्घीय कानुन विपरीत नहुने गरी उपभोक्ता समूहले गाउँपालिका, विभिन्न संघ-संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन्।

(४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरूको कम्तीमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

**द्रष्टव्य**: यस दफाको प्रयोजनाका लागि वन उद्यम बन्नाले लघु उद्यम, घरेलु उद्योग र वन सहकारी संस्थालाई जनाउनेछ।

२९. **पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने:** (१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आप्mनो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, नेपाल २०७४

१८औं गाउँ सभाको बैठक संख्या: ... मिति ... को निर्णय प्रमाणित। अध्यक्ष

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले गाउँपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरूको कम्तीमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी प्रचलित सङ्घीय कानुन विपरीत नहुने गरी आपसी सम्झौता गरी पर्यपर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय बमोजिमको प्रवेश शुल्क सङ्कलन गर्न सक्नेछ।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानीमध्ये कम्तीमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्धन र कम्तीमा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरू सञ्चालन गर्न अनुदानको रूपमा उपलब्ध गराउनु पर्नेछ।

३०. **सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्:** (१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरू गर्न सक्नेछन्।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने बिक्रीवितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरू प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ।

(३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

३१. **सामुदायिक घरबास (होम स्टे):** (१) पर्यापर्यटन प्रवर्धन गर्ने गरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन्।

(२) सामुदायिक होम स्टे सञ्चालनसम्बन्धी कार्यविधिहरूको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ।

३२. **जलाधार संरक्षण:** (१) गाउँपालिकाले आफनो क्षेत्रमा रहेका जलाधारहरूको पहिचान गरी नक्शासहितको विवरण राख्नु पर्नेछ।

(२) गाउँपालिकामा रहेका जलाधारहरूको सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट संरक्षणसम्बन्धी कार्यहरू गरिनेछ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

गाउँ सभाको
बैठक संख्या:
मिति
निर्णय प्रमाणित।

(४) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुऱ्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगायतका पक्षहरूले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरू उपलब्ध गराउन सक्नेछन्।

(५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बिच आवश्यक सम्झौता गर्न सकिनेछ।

(६) जलाधार संरक्षण गर्ने स्थानमा रुख विरुवा भएमा त्यसलाई उचित व्यवस्था गर्नका लागी सम्वन्धित सामुदायिक वन हेर्ने प्रदेश सरकार वा संघीय सरकारको वन कार्यालयको पूर्व स्वीकृत लिई रुख कटान वा व्यवस्था गर्न सकिनेछ ।

३३. **जैविक मार्गको व्यवस्थापनः** (१) गाउँपालिकामा वन्यजन्तु र चाराचुरुङ्गीहरूको आवत जावत गर्ने जैविक मार्गको रूपमा रहेका वन क्षेत्रहरूको संरक्षण, व्यवस्थापन र सदुपयोग सामुदायिक लगायतका वनबाट गरिनेछ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट बञ्चित गरिने छैन।

(४) जैविक मार्गमा वन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र गाउँपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरू अवलम्बन गर्न गराउन सक्नेछ।

३४. **मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापन र राहत वितरणः** (१) गाउँपालिका र प्रदेश सरकरको वनसम्बन्धी कार्यालयका साथै सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ।

(२) वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त गाउँपालिका र वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ।

(३) गाउँपालिकाले वन्यजन्तुबाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न र मानव–वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरू सञ्चालनका लागि एक कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(४) मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको जीउधनको सुरक्षाका लागि जीवन बीमा तथा निर्जीवन बिमा गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

गाउँ सभाको
बैठक संख्या: ...
मिति ...को
निर्णय प्रमाणित।

अध्यक्ष

(५) वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक् मार्गमा पानी पोखरी निर्माण, जङ्गली फलफूलका विरुवा संरक्षण, घाँसे क्षेत्रहरूको संरक्षण जस्ता कार्यहरू गर्नुपर्नेछ।

(६) नेपाल सरकारले कृषि तथा घरपालुवा जनावारका लागि हानिकारक वन्यजन्तु भनी घोषणा गरेका वन्यजन्तुहरू घर गोठ तथा खेतबारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता वन्यजन्तुहरूलाई धपाउन पाइनेछ।

३५. **सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन:** (१) गाउँपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूह लगायतका माध्यमबाट गरिनेछ।

(२) वन क्षेत्रभन्दा बाहिर रहेका सिमसारहरूको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि गाउँपालिकाको कार्यपालिकामा छलफल गरी प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको संरक्षण र बिक्रीवितरणका लागि उपभोक्ता समूहले आफै आवश्यक व्यवस्था गर्न सक्नेछ।

३६. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकाले वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट वनको विकास, संरक्षण, व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन व्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले उपयोग तथा बिक्रीवितरण गर्न सक्नेछ।

(४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरू र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरूले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा गाउँपालिकाले सडक र वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरू काट्न वा हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिमका काठ बिक्रीवितरणबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

गाउँ सभाको बैठक संख्या: ... मिति ... को निर्णय प्रमाणित।

सभाध्यक्ष

३७. **सहरी वनको विकास र व्यवस्थापन:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा सामुदायिक लगायतका वन उपभोक्ता समूहसँगको सहकार्यमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार गाउँपालिकासँगको समन्वयमा सम्बन्धित उपभोक्ता समूह लगायतले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

(४) सहरी वनको व्यवस्थापनबाट प्राप्त लाभको बाँडफाँटका बारेमा गाउँपालिका र उपभोक्ता समूहका बिचमा कुनै सम्झौता वा सहमति गरिएमा सोही बमोजिम लाभको बाँडफाँट गर्नुपर्नेछ।

३८. **उद्यान घोषणा गर्न सक्ने:** (१) गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूहसँगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी उद्यान घोषणा गरी वन उपभोक्ता समूह मार्फत उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ।

(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने वन उद्यान तथा प्राणी उद्यान सम्बन्धित उपभोक्ता समूह मार्फत सञ्चालन गर्नुपर्नेछ।

३९. **वातावरणीय सेवाको व्यवस्थापन:** (१) वन क्षेत्रबाट हुने कार्वन सञ्चिति तथा उत्सर्जन न्यूनीकरण बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता सरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन्।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा बिक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बिचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद बिक्री गर्न सकिनेछ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद बिक्रीबाट प्राप्त लाभको बाँडफाँट र सदुपयोगसम्बन्धी विषयहरू वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

४०. **जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना:** (१) गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरूको कार्यान्वयन गर्न सकिनेछ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ र यस कार्यका लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले पनि सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरूबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

(४) आगलागी लगायतका कार्यहरूबाट हुने वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने वन उपभोक्ता समूहलाई सो बापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ।

४१. **वन डढेलो नियन्त्रण:** (१) कुनै वनमा वन डढेलो लागेमा गाउँपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरू समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ।

(२) गाउँपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरू गर्नु पर्नेछ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्याङ्कन गरी गाउँपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्याक्ति घाइते वा मृत्य भएमा त्यस्ता व्यक्तिले बिमा रकम पाउने गरी गाउँपालिका र यसको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरूको सहकार्यमा सामुहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरबाही गरी वनमा आगो लगाएमा वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम कारबाही र दण्ड सजाय हुनेछ।

४२. **स्थानीय वातावरण संरक्षण योजना:** (१) गाउँपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वन गर्दा सामुदायिक वन उपभोक्ता समूह लगायतसँग समन्वय र सहकार्य गर्नु पर्नेछ।

(२) गाउँपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरूमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन।

(३) गाउँपालिकामा वातावरण संरक्षणका कार्यहरू गर्दा सामुदायिक वन लगायतका माध्यमबाट गर्नु पर्नेछ।

४३. **वृक्षारोपण कार्यक्रम सञ्चालन:** (१) गाउँपालिकाले प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमबाट कम्तीमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

गाउँपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, नेपाल २०७४

१८औं गाउँ सभाको बैठक संख्या: ३।२०८१।०८२ मिति: २०८१।१२।१६ को निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रणालीमैत्री व्यावसायिक विरुवाहरूको उत्पादन र बिक्रीवितरण गर्न प्राथमिकता दिनु पर्नेछ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वनवालाहरूलाई निःशुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलब्ध गराई वन क्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्न सक्नेछ।

(५) गाउँपालिकामा फैलिएका मिचाहा प्रजाति नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई गाउँपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

४४. **<u>जडीबुटी खेती तथा गैरकाष्ठ वन पैदावार प्रवर्धन:</u>** (१) गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधीजन्य जडीबुटी तथा अन्य जडीबुटी खेत◌ी र गैरकाष्ठ वन पैदावारको पहिचान र प्रवर्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) गाउँपालिकाको क्षेत्रमा उत्पादित जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डार, प्रशोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

४५. **<u>कृषि वन प्रवर्धन:</u>** (१) गाउँपालिकामा रहेका सामुदायिक वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी वन तथा निजी जग्गाहरूमा कृषि वन लगाउन चाहनेलाई गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा वन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै विरुवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावारहरू लगाउन प्राथमिकता दिनु पर्नेछ।

(३) गरिबीको रेखामुनि रहेका परिवारलाई उपलब्ध गराइएको सामुदायिक वनको क्षेत्रमा कृषि वनका कार्यहरू गर्दा वर्षमा एक पटक मात्र खनजोत गर्नुपर्ने प्रकृतिका कृषिजन्य पैदावारहरू लगाउन सकिनेछ।

४६. **<u>वनजन्य बिउको उत्पादन:</u>** वन ब◌िउको उत्पादन, बिक्रीवितरण र निर्यातका लागि गाउँपालिकामा पाइने वन पैदावारका बिउहरूको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी वन उपभोक्ता समूह र निजी वनवालालाई आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

गाउँ सभाको बैठक संख्या: ... मिति ... को निर्णय प्रमाणित।

अध्यक्ष

४७. **वनजन्य खाद्य वस्तु तथा कन्दमूलको सदुपयोग:** (१) गाउँपालिकाको सामुदायिक वन लगायतका वन क्षेत्रमा वनको हैसियत नबिग्रने गरी र वातावरण तथा जैविक विविधताको संरक्षण हुने गरी वन क्षेत्रबाट उपलब्ध हुनसक्ने वनजन्य खाद्य वस्तु तथा कन्दमूल सङ्कलन र बिक्रीवितरण गर्न सकिनेछ।

(२) गाउँपालिकामा विशेष पहिचान तथा महत्व भएका वनजन्य खाद्य वस्तु तथा कन्दमूलको दिगो सङ्कलन र सदुपयोग तथा बजारीकरणका लागि विपन्न परिवार र यस्ता वस्तुको बारेमा परम्परागत ज्ञान भएका परिवारलाई प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

४८. **चरन तथा खर्क व्यवस्थापन:** (१) गाउँपालिकामा रहेका सामुदायिक वनमा पशुहरूको चरीचरन व्यवस्थापनका लागि उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी चरीचरन व्यवस्थापन गर्नु पर्नेछ।

(२) सामुदायिक वन बाहेकका अन्य वन क्षेत्र वा सार्वजनिक जग्गामा चरीचरन व्यवस्थापनका लागि गाउँपालिकाले गोठाला तथा पशुपालक परिवार वा समूहसँग परामर्श गरी चरीचरन गराउने क्रममा पालन गर्नुपर्ने नियमहरू बनाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चरीचरनका नियमहरू बनाउँदा आदिवासी जनजाति र स्थानीय समुदायको माघी पर्व लगायतका प्रथाजनित अभ्यासको सम्मान गर्नु पर्नेछ।

(४) खर्च जग्गा उपयोग गरी चरीचरन र वन पैदावारको उपयोग गर्दै आएका स्थानीय वासिन्दाको प्रथाजनित अभ्यासलाई सम्मान र संरक्षण गर्दै गाउँपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले खर्च जग्गाहरूको दिगो व्यवस्थापनका लागि आवश्यक नियम बनाउन सक्नेछ।

४९. **वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्धन:** (१) गाउँपालिकाको क्षेत्रभित्र आदिवासी जनजाति समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका वनसम्बन्धी प्रथाजनित अभ्यासहरूको प्रवर्धनका लागि सामुदायिक वन र अन्य विभिन्न वन व्यवस्थापन प्रणालीको कार्ययोजनामा आवश्यक व्यवस्थाहरू समावेश गर्नु पर्नेछ।

(२) सामुदायिक वन तथा अन्य वन व्यवस्थापन प्रणालीका कार्ययोजनाहरूमा उल्लेखित वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्धनका लागि सम्बन्धित वन उपभोक्ता समूह र गाउँपालिकाले आवश्यक स्रोत साधान र सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) सामुदायिक वन बाहेकका क्षेत्रहरूमा कुनै प्रथाजनित संस्थाले वन संरक्षण तथा सदुपयोग गर्दै आएको भएमा उक्त वन क्षेत्र सोही प्रथाजनित संस्थाले व्यवस्थापन गर्न सक्नेछ।

५०. **वनसम्बन्धी परम्परागत ज्ञानको संरक्षण र प्रवर्धन**: (१) गाउँपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति र स्थानीय समुदाय, दलित र महिलाको अधिकार संरक्षण गर्न प्राथमिकता दिनुपर्नेछ।

(२) वनसम्बन्धी कुनै पनि कार्यहरू गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञानको पूर्ण रूपमा सम्मान, संरक्षण र प्रवर्धन गर्नुपर्नेछ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि वञ्चित गर्न पाइने छैन।

गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ... लुम्बिनी प्रदेश, नेपाल

१८औं गाउँ सभाको बैठक संख्या: २।२०८१।०८२ मिति २०८१।१२।१६ को निर्णय प्रमाणित।

(हस्ताक्षर) हस्तु गिरी अध्यक्ष

(४) गाउँपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदाय वन तथा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण तथा सदुपयोगसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र प्रवर्धनका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ।

## परिच्छेद -७

## निजी वनसम्बन्धी व्यवस्था

५१. **निजी वन दर्तासम्बन्धी व्यवस्था:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालयको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी गाउँपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरणसहितको जानकारी गाउँपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ।

५२. **निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन:** (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्रीवितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार गाउँपालिकाको क्षेत्रभित्र गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको बिक्रीवितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(५) घरायसी प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रबाट यो दंगीशरण गाउँपालिका रहेको जिल्ला भित्रको कुनै स्थानीय तहमा वन पैदावार बिक्रीवितरण तथा ओसारपसार गर्नु परेमा गाउँपालिकाबाट सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा घरायसी प्रयोजनका लागि वन पैदावार बिक्रीवितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

२८औं गाउँ सभाको
बैठक संख्या: ०।२०८१।०८२
मिति २०८१।१२।१६ को
निर्णय प्रमाणित।

शम्भु गिरी
अध्यक्ष

(७) निजी वनको धनीलाई निजी वन विकास, कृषि वन तथा जडीबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्धनका लागि गाउँपालिकाबाट पारित कार्यक्रम तथा योजना अनुसारका सहयोग, अनुदान तथा सुविधाहरू उपलव्ध गराउन सकिनेछ।

५३. **निजी वनमा वन्यजन्तु पालन:** (१) कुनै निजी वनवालाले गाउँपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्बन्धी प्रचलित सङ्घीय कानुन र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ।

(२) कुनै निजी वनवालाले उपदफा (१) बमोजिमका कार्यहरू गरेको भएमा सोको जानकारी गाउँपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल प्रदेश सरकारको वनसम्बन्धी कार्यालय, पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ।

## परिच्छेद -८

## वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधि र दण्ड सजाय

५४. **वनसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधि:** गाउँपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधिका सम्बन्धमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित सङ्घीय कानुन लागु हुनेछ।

५५. **दण्ड सजाय:** यस पालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम दण्ड सजाय हुनेछ।

## परिच्छेद -९

## वनसम्बन्धी संस्थागत व्यवस्था

५६. **नेपाल सरकार र प्रदेश सरकारको भूमिका**: यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधन उपलब्ध गराउन सक्नेछ।

५७. **वन तथा वातावरणसम्बन्धी विषयगत समिति:** (१) गाउँपालिकाले वन क्षेत्रका विषयमा समन्वय, अनुगमन तथा मुल्याङ्कन र अन्य आवश्यक कार्यहरू गर्नका लागि दंगीशरण गाउँपालिका तहमा कार्यपालिकाको कुनै सदस्यको संयजकत्वमा वन तथा वातावरण समिति वा  तथा वातावरण परिषद् गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति वा परिषद्मा सम्बन्धित निकायहरूका साथै सरोकारवाला, नागरिक समाज र निजी क्षेत्रको समेत प्रतिनिधित्व गराउनु पर्नेछ।

५८. **वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य गर्न सक्ने**: (१) गाउँपालिकामा रहने वन तथा वातावरणसम्बन्धी शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

गाउँ सभाको
बैठक संख्या:
मिति:
निर्णय प्रमाणित।

अध्यक्ष

(२) वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य सञ्चालन गर्दा गाउँपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ।

५९. **वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने**: (१) गाउँपालिकाले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(ञ) र दफा ११(४)(ङ) मा उल्लिखित वन, वन्यजन्तु, जैविक विविधता र वातावरणसम्बन्धी कार्यहरू गर्नको लागि उपभोक्ता समूह, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसँग समेत समन्वय, परामर्श र सहकार्य गरी गाउँपालिका स्तरको पञ्चवर्षीय तथा दीर्घकालीन वन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) गाउँपालिकाले वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूह र सरोकारवाला समेतको समन्वयमा सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

(३) गाउँपालिकाले आफ्नो वन योजना कार्यान्वनका क्रममा वन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, वन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरूको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी नियमित रूपमा बजेट विनियोजन गर्न सक्नेछ।

## परिच्छेद -१०
## विविध

६०. **वन क्षेत्रमा प्रवेश नियमनः** (१) वन संरक्षणको दृष्टिकोणले प्रदेश वन कार्यालयको समन्वयका निश्चित समयका लागि गाउँपालिका र सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्नेछ।

(२) सामुदायिक वन बाहेकका वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम हुनेछ र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा गाउँपालिकासँग समन्वय, छलफल तथा परामर्श गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रूपमा उपयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिंचाइ, पानीघट्ट) र धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन।

६१. **सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्तिः** गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम् शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ।

शम्भु गिरी
अध्यक्ष

६२. **वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँट:** प्रदेश सरकारले वनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम गाउँपालिकाको क्षेत्रबाट संकलित वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त रकमको २५ प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ।

६३. **अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापन:** गाउँपालिका र छिमेकी गाउँ÷नगरपालिका बिच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरूको दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।

६४. **वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेख:** (१) गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुऱ्याउने योजना तर्जुमा गर्न सकिनेछ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरूको अभिलेख तयारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँचमा राख्ने व्यवस्था गर्न पहल गरिनेछ।

६५. **पुरस्कारसम्बन्धी व्यवस्था:** वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

६६. **अधिकार प्रत्यायोजन:** गाउँपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

६७. **नियम, कार्यविधि वा मार्गदर्शन बनाउन सक्ने:** यस ऐनमा गरिएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ।

६८. **बाझिएमा गर्ने:** यस ऐनमा गरिएका व्यवस्था र प्रचलित सङ्घीय तथा प्रदेश कानुनमा गरिएका व्यवस्थाहरू बाझिएमा बाझिएको हदसम्म प्रचलित सङ्घीय र प्रदेश कानुन बमोजिम हुनेछ।

अध्यक्ष

गाउँ सभाको
बैठक संख्या ...
मिति २०७९।१२।२६
निर्णय पारित।

# दंगीशरण गाउँपालिकाको दलित सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

गाउँसभामा पेस भएको मितिः २०८१/१२/१५
गाउँसभाबाट पारित भएको मितिः २०८१/१२/१७

**प्रस्तावना**: दलित समुदायमाथि सदियौंदेखि हुँदै आएको जातीय छुवाछुत, भेदभाव, हिंसा, अपमान, घृणा तथा असमानता हटाई दलित समुदायलाई राष्ट्रिय मूलधारमा ल्याउन नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक, समानता जस्ता आधारभूत मौलिक अधिकारको रक्षा गर्दै समतामूलक समाजको निर्माण गरी दलित समुदायको विकास, सशक्तीकरण र छुवाछुत मुक्त समाजको निर्माण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी दंगीशरण गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यो ऐनको नाम "दंगीशरण गाउँपालिका दलित सशक्तीकरण ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"ऐन"** भन्नाले दंगीशरण गाउँपालिका दलित सशक्तीकरण ऐन, २०८१" सम्झनुपर्छ।

(ख) **"दलित"** भन्नाले राष्ट्रिय दलित आयोगले सूचीकृत गरेका जातजाति र सूचीकृत नभएकाको हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित जाति सम्झनुपर्छ।

(ग) **"सांस्कृतिक पहिचान"** भन्नाले दलित समुदायको पेसा, सिप, कला र क्षमताको पहिचान सम्झनुपर्छ।

(घ) **"समिति"** भन्नाले दफा ५ बमोजिम गठन हुने जातीय भेदभाव र छुवाछुत अनुगमन तथा सशक्तीकरण समिति सम्झनुपर्छ।

(ङ) **"सरोकारवाला"** भन्नाले दलित हक तथा अधिकार सम्बन्धी काममा भूमिका देखिने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था तथा नागरिक समाज सम्झनुपर्छ।

(च) **"सहयोगी संस्था"** दलित हक तथा अधिकार सम्बन्धी कार्यविधि अनुरूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुर्याउने व्यक्ति, संस्था वा संगठन सम्झनुपर्छ।

गाउँ सभाको
बैठक संख्या: ... २०८१/१२/१८
मिति: २०८१/१२/१८
निर्णय प्रमाणित

शम्भु गिरी
अध्यक्ष

(छ) **"सशक्तीकरण"** भन्नाले नीतिगत रूपमा दलित समुदायहरूका व्यक्तिको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको चौतर्फी विकासका लागि चालिने कदम सम्झनुपर्छ।

(ज) **"गाउँपालिका"** भन्नाले दंगीशरण गाउँपालिका सम्झनुपर्छ।

(झ) **"अध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ञ) **"उपाध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ट) **"वडाध्यक्ष"** भन्नाले दंगीशरण गाउँपालिकाभित्र रहेका वडाका अध्यक्षहरू सम्झनुपर्छ।

(ठ) **"कार्यपालिका सदस्य"** भन्नाले दंगीशरण गाउँपालिकाका कार्यपालिका सदस्य सम्झनुपर्छ।

(ड) **"शाखा"** भन्नाले दंगीशरण गाउँपालिकाको महिला, बालबालिका तथा समाज कल्याण शाखा सम्झनुपर्छ।

(ढ) **"जातीय भेदभाव तथा छुवाछुत"** भन्नाले प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, जातजाति, वंश, समुदाय वा पेसाका आधारमा गरिने भेदभाव तथा छुवाछुतजन्य कार्य सम्झनुपर्छ।

(ण) **"कसुर"** भन्नाले मुलुकी अपराध संहिता, २०७४ तथा जातीय तथा अन्य सामाजिक छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको अपराध सम्झनुपर्छ।

परिच्छेद-२

## उद्देश्य तथा दलित सशक्तीकरण

३. **उद्देश्यः** दलित सशक्तीकरणका लागि देहाय बमोजिमका उद्देश्य रहनेछः-

(क) गाउँपालिकाको दलित समुदायको सशक्तीकरण गर्न शिक्षा, स्वास्थ्य, जातीय भेदभाव उन्मूलन, सहअस्तित्व र अन्तरघुलनका माध्यमबाट सरोकारवाला निकाय, दलित तथा गैर दलित समुदायको भूमिका किटान गर्नु,

(ख) दलित समुदायको पहिचान, उत्थान र अधिकारका सवालमा परम्परागत पेसालाई आधुनिकीकरण, प्रवर्धन, आर्थिक तथा सामाजिक रूपान्तरणका लागि गाउँपालिकाको दृष्टिकोण स्पष्ट गर्नु,

(ग) दलित समुदायको उत्थान र अधिकारका लागि सम्भावित गतिविधि र योजना बनाई सामाजिक रूपान्तरणका गतिविधि सञ्चालन गर्नु,

(घ) दलित समुदायको उत्थान तथा अधिकार सुनिश्चित गर्न आर्थिक सबलीकरण, सामाजिक न्यायका लागि अन्तरजातीय विवाह, सार्वजनिक रूपमा गरिने कार्य जस्ता कार्यलाई

प्राथमिकीकरणका साथ योजना बनाई स्थानीय सरकार, सरोकारवाला निकाय तथा अधिकारकर्मी समुदायको संलग्नतामा कार्यक्रम कार्यान्वयन गर्ने।

४. **दलित सशक्तीकरणका लागि सञ्चालन गरिने क्रियाकलाप**: (१) गाउँपालिकाले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि स्थानीय योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनेछ।

(२) उपदफा (१) बमोजिमका क्रियाकलापका लागि स्थानीय सरकार, समुदाय, संघसंस्था, नागिरक समाज, सरोकारवाला निकाय तथा अधिकारकर्मीहरूको संलग्नतामा देहायबमोजिमका क्रियाकलाप सञ्चालन गर्नेछः-

**(क) जातीय भेदभाव तथा छुवाछुत विरुद्ध सचेतना कार्यक्रम**:

१. जातीय भेदभाव (कसुर र सजाय) ऐन, २०६८ मा भएका व्यवस्था र सावधानीका विषयमा सूचना तथा सञ्चार माध्यमबाट प्रचारप्रसार,

२. गाउँपालिका तथा मातहतका कार्यालयहरूबाट सञ्चालन हुने कार्यक्रममा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी कसुर र सजायका विषयहरूलाई समावेश गर्ने,

३. सरकारी कार्यालय, विद्यालय, सार्वजनिक स्थान, सहकारी र नागरिक संघसंस्था, औद्योगिक कम्पनीका कार्यालयहरूमा जातीय विभेद तथा छुवाछुतको व्यवहारलाई निरुत्साहित गर्ने खालका सन्देश भएका सूचना बोर्डहरू तयार गरी सबैले देख्ने गरी राख्ने,

४. स्थानीय जनप्रतिनिधि, दलित समुदायको पक्षमा क्रियाशील सामाजिक अभियन्ताहरूले आफू सहभागी भएको सार्वजनिक कार्यक्रमहरूमा जातीय विभेदको विषयमा गाउँपालिकाले लिएको धारणाको विषयमा संवेदनशील हुने,

५. जातीय विभेद तथा छुवाछुतका विरुद्धमा शैक्षिक संस्था तथा सार्वजनिक निकायमा कार्यक्रमहरूको आयोजना गर्ने,

६. टोल विकास संस्था, शिक्षक, सेवाप्रदायक कार्यालयका कर्मचारी, नेपाल प्रहरी, सरोकारवाला समेतलाई जातीय भेदभाव तथा कानुनी सचेतना सम्बन्धी अभिमुखीकरण गराउने।

**(ख) सामाजिक व्यवहार सुधार अभियान**:

१. जातीय विभेदलाई प्रोत्साहन गर्ने गतिविधिको अन्त्य र दलित समुदायभित्रको विभेदमा सुधारात्मक कार्य गर्ने,

२. दलित समुदायका पेसा, सांस्कृतिक मान्यताहरू सबैका लागि स्वीकार्य हुने गरी सुधार गर्ने,

३. दलित समुदायमा स्वास्थ्य, शिक्षा तथा सरसफाइ अभियान सञ्चालन गरी व्यावहारिक सुधार ल्याउने,

४. घरेलु हिंसा, अन्धविश्वास, कुरीति र कुसंस्कार, महिलामाथि हुने हिंसा, बालश्रम, बालहिंसामा कमी ल्याउन समुदायस्तरका कार्यक्रमको योजना बनाई लागु गर्ने,

गाउँपालिकाको कार्यालय

गाउँ सभाको बैठक संख्या: ... मिति २०८१ ... निर्णय ...

शम्भु गिरी
अध्यक्ष

५. दलित बस्ती वा समुदायहरूलाई हिंसारहित समाजमा रुपान्तरण गर्ने।

**(ग) जातीय भेदभाव तथा छुवाछुतरहित स्थान घोषणा:**

१. सरकारी तथा गैर सरकारी कार्यालय, सार्वजनिक स्थान र टोल विकास संस्थाहरूलाई छुवाछुत मुक्त स्थान घोषणा गर्ने,

२. गाउँपालिकाभित्र सार्वजनिक रूपमा गरिने कार्य, सहभोज, अन्तरजातीय विवाह जस्ता कार्यहरूलाई प्रोत्साहन तथा सम्मान गर्ने,

३. गाउँपालिकालाई छुवाछुत मुक्त पालिका घोषणाका लागि सूचकहरू तयार गरी लागु गर्ने,

४. गाउँपालिकालाई छुवाछुत मुक्त पालिका घोषणा गर्नका लागि टोल, वडा हुँदै अन्त्यमा पालिकालाई जातीय भेदभाव तथा छुवाछुत मुक्त क्षेत्र घोषणा गर्ने,

५. जातीय भेदभाव तथा छुवाछुत मुक्त क्षेत्र घोषणा भएका टोलमा स्थानीय सरकार, वडालाई सकारात्मक विभेदको मर्म अनुरूप विशेष प्राथमिकता राखी सरकारी सेवा तथा सुविधामा सहुलियत प्रदान गर्ने।

**(घ) आयमूलक तथा जीविकोपार्जनमा सुधार:**

१. परम्परागत रूपमा पुख्यौंली पेसा अँगाल्दै आएका व्यक्तिहरूको सिप परीक्षण तथा प्राविधिक क्षमताको मूल्याङ्कनको लागि प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् र घरेलु तथा साना उद्योग कार्यालयसँग सहकार्य गरी दलित समुदायका परम्परागत सिप भएका घर बनाउने, काठको सामग्री बनाउने, कृषि औजार बनाउने, छालाका सामग्री बनाउने, गरगहना बनाउने, कपडा सिलाउने, मादल, बाजागाजा बनाउने जस्ता सिपको परीक्षण गरी प्रमाणपत्र प्रदान गर्ने,

२. परम्परागत रूपमा पुख्यौंली पेसा अँगाल्दै आएका दलित समुदायका मानिसहरूको सिपको आधुनिकीकरण गर्न तालिमको व्यवस्था गरी व्यवसाय सञ्चालनको लागि पुँजीको व्यवस्था तथा बजारीकरण गर्ने,

३. कृषि, वन तथा भौतिक निर्माणसँग सम्बन्धित पेसालाई आधुनिकीकरण गरी जीविकोपार्जनको माध्यमको रूपमा विकास गर्न परम्परागत पेसालाई प्रविधीमैत्री बनाउन आधुनिक मेसिन खरिद, विद्युत, ऊर्जा जडान, उद्यमस्थल निर्माण जस्ता कार्यमा सहयोग गर्ने,

४. परम्परागत रूपमा पुख्यौंली पेसा अपनाउँदै आएका दलित समुदायका मानिसहरूको पेसालाई व्यावसायिक बनाउन सिलाइ, कृषि औजार निर्माण, गरगहना बनाउने, वाद्यवादन बनाउने, धातुका भाँडाकुँडा निर्माण जस्ता सिपमूलक व्यावसायलाई दर्ता र सोको व्यवसायीकरण गर्ने।

**(ङ) समतामूलक नीतिको अवलम्बन:**

१. गाउँपालिकाको विकास तथा सेवासँग सम्बन्धित टोल विकास संस्था, विभिन्न समिति, उपसमितिहरूमा दलित समुदायका प्रतिनिधिको सहभागिता गराइने,

गाउँ सभाको
बैठक संख्या:
मिति
निर्णय प्रमाणित

अध्यक्ष

२. दलितहरूको सवालमा बन्ने समिति, उपसमितिहरू दलित जनप्रतिनिधिहरूको नेतृत्वमा गठन गर्ने व्यवस्था मिलाइने,

3. गाउँपालिकाबाट सञ्चालन हुने आयमूलक, रोजगारमूलक कार्यक्रमहरूमा दलित समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइने,

४. गाउँपालिकाबाट सञ्चालन हुने आयमूलक, रोजगारमूलक तथा सिपमूलक कार्यका लागि व्यक्ति छनौट गर्ने प्रक्रियामा दलित समुदायका व्यक्तिहरूलाई प्राथमिकतामा राखिने,

५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका छनौटमा दलित महिला छनौटका लागि प्राथमिकता दिइने।

(च) **आवास र उत्पादनका श्रोतमा पहुँचको सुनिश्चितताः** आवास र उत्पादनका श्रोतमा पहुँचको सुनिश्चितताको लागि गाउँपालिकाले सबै नागरिकहरूको सुरक्षित आवास र जीविकोपार्जनको विषयलाई आधारभूत अधिकारको रूपमा लिई व्यवस्थापन गर्नेछ।

(छ) **शिक्षामा प्रोत्साहनः**

१. दलित बालबालिकाहरूलाई प्राथमिक तहदेखि माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नुका साथै शैक्षिक सामग्री र पोसाकको लागि विशेष अनुदानको व्यवस्था गर्ने,

२. दलित समुदायका बालबालिकाहरूलाई उच्च तहको शिक्षामा पहुँच वृद्धि गर्ने,

३. उत्कृष्ट तथा न्यून आर्थिक अवस्था भएका विद्यार्थीहरूलाई गाउँपालिकाभित्रको उच्च शिक्षा तथा प्राविधिक अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गर्ने,

४. संस्थागत विद्यालयमा विपन्न दलित छात्रवृत्ति प्रदान गर्नका लागि आवश्यक व्यवस्था मिलाउने,

५. परीक्षामा दलित विद्यार्थीले प्राप्त गर्ने अङ्क र विद्यालयको विद्यार्थी मूल्याङ्कनको दस्तावेज तयार गर्न लगाउने,

६. घरबार विहीन दलित विद्यार्थीको लागि होस्टेलमा राख्ने व्यवस्था मिलाउन प्राथमिकता दिने,

७. विद्यालयमा हुने जातीय विभेदलाई न्यूनीकरण गर्न शून्य सहनशीलताको नीति अवलम्बन गर्ने।

(ज) **अन्य क्रियाकलापः**

१. सिप सिक्न, उद्यम व्यवसाय सञ्चालन गर्न र प्राविधिक सहयोग उपलब्ध गराउनका लागि सूचना प्रकाशन गरी माग सङ्कलन गर्ने,

२. प्राप्त निवेदनका आधारमा उपयुक्त व्यक्ति वा समूह छनौट गरी उद्यम योजनाको आधारमा सहयोगको सीमा निर्धारण गर्ने,

३. तालिम, ऊर्जा, प्रविधि सहयोग तथा उद्यम दर्ताको लागि सहजीकरण गर्ने,

४. प्राप्त मागका आधारमा उद्यम व्यवसाय तथा व्यवसायी छनौटका लागि सम्बन्धित विज्ञ तथा अनुभवी व्यक्तिहरूको संलग्नतामा छनौट समिति बनाउने।

गाउँ सभाको
बैठक संख्या:
मिति
निर्णय प्रमाणित

शम्भु गिरी
अध्यक्ष

कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७४

परिच्छेद-३

## अनुगमन समिति तथा काम, कर्तव्य र अधिकार

५. **जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तीकरण समितिः** (१) यस ऐन बमोजिम दलित सशक्तीकरणका लागि जातीय विभेद र छुवाछुत अनुगमन तथा सशक्तीकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन्:-

(क) अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्य - संयोजक

(ख) दलित महिला वडा सदस्यहरूमध्येबाट अध्यक्षले तोकेका २ जना - सदस्य

(ग) दलित अधिकारका क्षेत्रमा काम गरेका व्यक्तिहरूमध्येबाट समितिले तोकेको १ जना महिलासहित ३ जना - सदस्य

(घ) दलित समुदायका अपाङ्गता भएका व्यक्ति र दलित जेष्ठ नागरिक १/१ जना - सदस्य

(ङ) महिला बालबालिका तथा समाजकल्याण इकाई प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिमा सामाजिक विकास समितिका संयोजक तथा प्रमुख प्रशासकीय अधिकृतलाई आमन्त्रण गर्नु पर्नेछ।

(४) दलित सशक्तीकरण र जातीय विभेद तथा छुवाछुत अन्त्यका लागि समितिले प्रभावकारी अनुगमन गर्न अन्य कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस ऐनबमोजिम कार्यान्वयन हुने कार्यक्रमहरूको योजना तयार गरी गाउँपालिकामा सिफारिस गर्ने,

(ख) आवश्यक कार्यविधि तयार गरी स्वीकृतिको लागि कार्यपालिकामा पेस गर्ने,

(ग) स्वीकृत भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने,

(घ) दलित समुदायको उत्थान तथा अधिकारको लागि योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(ङ) यस ऐनबमोजिम भएका व्यवस्थाको कार्यान्वयनको अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेस गर्ने,

(च) स्थानीय संघसंस्था, सहयोगी निकाय तथा व्यक्तिहरूसँग सहकार्य गर्दै अभियानलाई प्रभावकारी बनाउने,

(छ) गाउँपालिका मातहतका सरकारी निकायको योजना तथा कार्यक्रमलाई समावेशी बनाउन सहजीकरण गर्ने।

(ज) शैक्षिक सामाग्री पोसाक आवश्यकता अनुसार मापदण्ड बनाई उपलब्ध गराउने ।

## परिच्छेद-४
## विविध

७. **बाधा अड्काउ फुकाउने अधिकार**: यस ऐनमा भएका व्यवस्थाको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार गाउँ कार्यपालिकामा निहित रहनेछ।

८. **नियम वा कार्यविधि बनाउन सक्ने**: यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ।

९. **बचाउ तथा खारेजी**: (१) यस ऐनको कार्यान्वयनको क्रममा भए गरेका कार्यहरूको बचाउ गाउँ कार्यपालिकाले गर्नेछ।

(२) यस ऐनमा लेखिएका कुराको हकमा यसै ऐनबमोजिम र नलेखिएका कुराको हकमा प्रचलित कानुनबमोजिम हुनेछ।

शम्भु गिरी
अध्यक्ष

## दंगीशरण गाउँपालिकाको जलचर एवं जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

**सभामा पेश भएको मितिः २०८१/१२/१५**

**सभाबाट पारित भएको मितिः २०८१/१२/१७**

**प्रस्तावना**: दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका नदी, ताल, तलैया, पोखरी, जलचर, जलीय जैविक विविधताको संरक्षण गर्न, जलचर एवं जलीय जैविक विविधताको दिगो उपयोग गर्न, जलश्रोत तथा जलचरमा आश्रित समुदायबिचको आध्यात्मिक तथा सांस्कृतिक अन्तरसम्बन्ध तथा अन्तरनिर्भरता समेत सुदृढ गर्न तथा जलचरमा आधारित जीविकोपार्जनको प्रवर्द्धन तथा व्यवस्थापन गरी नागरिकको सुविधा र आर्थिक हितको सम्वर्द्धनको लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दंगीशरण गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "दंगीशरण गाउँपालिका जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

दंगीशरण गाउँपालिका गाउँपालिकाको कार्यालय ... दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले दंगीशरण गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ।

(ख) "औजार" भन्नाले जलचरलाई समाउन, पक्रन, मार्न वा सङ्कलन गर्न प्रयोग हुने सबै किसिमका औजार, उपकरण, साधन वा सामग्री, विष्फोटक पदार्थ तथा महाजाल, करेन्ट जाल, चौंदी जाल र झरेल, पासो, बल्छी, साधारण जाल, खुकुरी, भाला, दुवालो थुन्ने, पहाई टेक्ने, ढोक्सो थाप्ने, तिर कोच्ने, लठ्याउने विषादी, घन र मेसिन समेत सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले दंगीशरण गाउँ कार्यपालिका सम्झनुपर्छ।

(घ) "कोष" भन्नाले यस ऐनको दफा २० बमोजिम स्थापना भएको सामुदायिक जलचर संरक्षण समूहको कोष सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले दंगीशरण गाउँपालिका सम्झनुपर्छ।

(च) "जलचर" भन्नाले नदीनाला, खोलानाला, पोखरी, ताल, तलैया, दह, पोखरी, प्राकृतिक वा कृत्रिम जलाशय, नहर, कुलो, मूल र तिनको श्रोत तथा मत्स्यपालनका लागि जडान भएको पिंजडा वा केज तथा जलचर ह्याचरीभित्र बस्ने घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा,

गाउँ सभाको बैठक संख्या: ... मिति: ... निर्णय ...

शम्भु गिरी अध्यक्ष

ओत र अन्य जलीय स्तनधारी जीव तथा जलमा आश्रित पन्छी लगायत अन्य जलचर तथा जुनसुकै जीव सम्झनुपर्छ।

(छ) "जलचरमा आश्रित समुदाय" भन्नाले नदी, खोलानाला, ताल तलैया, पोखरी वा दहभित्र रहेका जलचरमा आंशिक वा पूर्ण रूपमा आश्रित भई जीविकोपार्जन गर्ने समुदाय सम्झनुपर्छ।

(ज) "जलचर सङ्कलन" भन्नाले जलभित्र बस्ने जुनसुकै जीव समाउन, पक्रने, मार्ने वा सङ्कलन गर्ने कार्य सम्झनुपर्छ।

(झ) "जलीय जैविक विविधता" भन्नाले नदी, खोलानाला, ताल तलैया, पोखरी, दह वा सिमसार क्षेत्रमा रहने जीवहरूको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरू बिचको अन्तरसम्बन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरूमा पाइने विविधता र तिनीहरूको संयोजनलाई सम्झनुपर्छ र सो शब्दले आनुवांशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातीय वा प्रजातीय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ।

(ञ) "ताल" भन्नाले कुण्ड, पोखरी, ताल, तलैया, दह, तलाउ, प्राकृतिक वा कृत्रिम जलाशय, सिमसार, मत्स्य पालनको लागि जडान भएको पिंजडा (केज) तथा माछापालन गरेको धानखेत समेत सम्झनुपर्छ।

(ट) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ठ) "दिगो उपयोग" भन्नाले जलचर र जलीय जैविक विविधता एवं जैविक विविधताका अवयवहरूको उपयोगबाट जलचर र जलीय जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरू दीर्घकालीन रूपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालीन रूपमा सञ्चिती कायम गर्न सक्ने सीमाभित्रको सदुपयोग सम्झनुपर्छ।

(ड) "नदी" भन्नाले नदी, खोलानाला, गाड, नाला, खहरे, नहर, कुलो, मूल र तिनीहरूको श्रोत तथा मत्स्यपालनको लागि जडान भएको पिंजडा (केज) समेत सम्झनुपर्छ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दंगीशरण गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ण) "मत्स्य भर्‍याङ (फिस ल्याडर)" भन्नाले जलचरको आवागमनको लागि नदी वा तालमा राखिएको वैकल्पिक बाटो सम्झनुपर्छ।

(त) "मिचाहा प्रजाति" भन्नाले जलीय वनस्पति वा जलचरको कुनै त्यस्तो प्रजाति जुन स्थान विशेष वा पारिस्थितिकीय प्रणालीको रैथाने प्रजाति नभई तीव्र प्रजनन् र छिटो फैलिन सक्ने क्षमता र गुणको कारणले आफ्नो प्राकृतिक विगत वा हालको बासस्थानभन्दा बाहिरको स्थान विशेष वा पारिस्थितिकीय प्रणालीमा स्थापित भई जैविक विविधता, वातावरण, आर्थिक क्रियाकलाप र मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्ने वा पार्न सक्ने प्रजाति सम्झनुपर्छ।

(थ) "लाभको समन्यायिक वितरण" भन्नाले सामुदायिक नदी, खोलानाला, ताल, पोखरी, दह वा सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन, दिगो उपयोग, माछा तथा अन्य जलचरको बिक्रीवितरण, पर्यापर्यटन जस्ता माध्यमबाट प्राप्त लाभको महिला, दलित, आदिवासी, जनजाति तथा विपन्न समुदायलाई समन्यायिक रूपमा वितरण गरिने लाभ सम्झनुपर्छ।

(द) "वडा" भन्नाले दंगीशरण गाउँपालिकाका वडाहरू सम्झनुपर्छ।

(ध) "विधान" भन्नाले सामुदायिक जलचर संरक्षण समूहको विधान सम्झनुपर्छ।

(न) "सभा" भन्नाले दंगीशरण गाउँपालिकाकाको गाउँ सभा सम्झनुपर्छ।

(प) "समिति" भन्नाले यस ऐनको दफा १५ बमोजिम गठन भएको सामुदायिक जलचर संरक्षण समूहको कार्यसमिति सम्झनुपर्छ।

(फ) "सामुदायिक जलचर संरक्षण समूह" भन्नाले सामुदायिक नदी, खोलानाला, ताल, पोखरी, दह वा सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्न दफा १५ बमोजिम दर्ता भएको समूह सम्झनुपर्छ।

(ब) "सामुदायिक ताल" भन्नाले सामुहिक हितको लागि ताल, तलैया, पोखरी वा दहको संरक्षण, विकास र उपयोग तथा सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँट गर्न दफा १५ बमोजिम समुदायलाई सुम्पिएको वा हस्तान्तरण गरिएको ताल, तलैया, पोखरी, दह र सिमसार सम्झनुपर्छ।

(भ) "सामुदायिक नदी" भन्नाले सामुहिक हितको लागि नदी वा खोलानालाको विकास, संरक्षण र दिगो उपयोग गर्न दफा १३ बमोजिमको समुदायलाई सुम्पिएको नदी र खोलानाला सम्झनुपर्छ।

(म) "संरक्षण क्षेत्र" भन्नाले कार्यपालिकाले दफा १५ बमोजिम जलीय जैविक विविधता संरक्षणका दृष्टिले महत्वपूर्ण जलचर वा जलीय जैविक विविधताको प्रचुरता भएको क्षेत्र, जलीय जैविक विविधताको वासस्थानको संरक्षण वा सङ्कटापन्न प्रजातिहरूको संख्या र पर्यावरणीय समुदायको सुरक्षा गर्न वा ऐतिहासिक तथा सांस्कृतिक महत्वका जलीय स्थलहरू भएको गाउँपालिकाभित्रको कुनै नदी, खोलानालाको सम्पूर्ण वा केही भाग वा कुनै पोखरी, ताल, दह वा सिमसार क्षेत्र र कार्यपालिकाले जलचर वा जलीय जैविक विविधता संरक्षण क्षेत्र भनी तोकेको वा कायम गरेको क्षेत्र सम्झनुपर्छ।

## परिच्छेद-२

## जलचर संरक्षण सम्बन्धी व्यवस्था

३. **जथाभावी तरिकाले जलचर समाउन वा मार्न नहुने**: (१) कुनै व्यक्ति वा समूहले कुनै पनि जलचरलाई समात्ने वा मार्ने अभिप्रायले कुनै किसिमको विद्युतीय तार (करेन्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न वा गर्न लगाउनु हुँदैन।

गाउँ सभाको
बैठक संख्या:
मिति
निर्णय नं

अध्यक्ष

(२) जलचर समाउने वा मार्ने अभिप्रायले बबई नदीमा जालको प्रयोग गर्दा जालको आँखाको साइज तीन दशमलव पाँच सेन्टीमिटर (पैतिस मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टीमिटर (पचहत्तर मिलिमिटर) र सोभन्दा ठुलो प्वाल जाल, महाजाल र करेन्ट जाल (गिल नेट) प्रयोग गर्नु हुँदैन।

(३) बबई नदी बाहेक अन्य खोला वा नालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा आँखाको प्वालको साइज एक दशमलव पाँच सेन्टीमिटरभन्दा सानो र सात दशमलव पाँच (पचहत्तर मिलिमिटर) वा सोभन्दा ठुलो साइज भएको जाल, महाजाल र करेन्ट जाल (गिल नेट) प्रयोग गर्नु हुँदैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि टापी, हेल्का, खोंघिया, ढडिया, हवाला, खोरिया लगाउने, बरेखा टेक्ने, घेंउरा हाल्ने जस्ता परम्परागत रूपमा प्रयोगमा आएका साधन वा सामग्री प्रयोग गरी माछा समात्ने वा मार्ने गर्न सकिनेछ।

(५) जलचर समाउनका लागि दुवाली बुज्ने, दुवाली थुन्ने, पहाई टेक्ने जस्ता तरिका वा माध्यम प्रयोग गर्दा माछाका भुरा र माउ माछा समेत सबै साइजका माछा र अन्य जलचर मर्न सक्ने गरी वा तिनको क्षति हुने गरी प्रयोग गर्नु हुँदैन।

(६) उपदफा (२) र (३) को प्रयोजनको लागि गाउँपालिकाले कुन नदी, खोलानाला, तालतलैया वा सिमसार क्षेत्रमा कुन कुन प्रजातिका माछा र अन्य जलचर रहेका छन् भनी वैज्ञानिक तरिकाले अभिलेख तयार गर्नु पर्नेछ।

४. **पैठारी वा खरिद र बिक्रीमा प्रतिबन्धः** कसैले पनि जलचर समात्न वा मार्नका लागि विषालु पदार्थ, विषादी, व्याट्री, जालको आँखाको प्वालको साइज एक दशमलव पाँच सेन्टीमिटर (पन्ध्र मिलिमिटर) भन्दा सानो र सात दशमलव पाँच सेन्टीमिटरभन्दा ठुलो भएको जाल, महाजाल र करेन्ट जाल (गिल नेट) पैठारी वा खरिद बिक्री गर्न हुँदैन।

५. **जलचर सम्बन्धी अन्य व्यवस्थाः** (१) विद्युत, खानेपानी, सिँचाइ वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माण गर्ने निकायले जलचरको आवागमनमा बाधा पर्न नदिनको लागि सम्भव भएसम्म मत्स्य भर्याङ (फिस ल्याडर) निर्माण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मत्स्य भर्याङ निर्माण गर्न वैज्ञानिक वा प्राविधिक रूपमा सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आसपासको क्षेत्रमा जलचरको प्रजनन् गराउनको लागि जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्माण कार्य गर्दा गाउँ कार्यपालिकालाई पूर्व जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँध निर्माण र सञ्चालन गर्दा तल्लो तटको जैविक विविधता र सामाजिक, सांस्कृतिक तथा आर्थिक क्रियाकलापलाई आघात वा क्षति पुग्न नदिन सुख्खा याममा नदी वा तालको न्यूनतम् प्रवाहको कम्तीमा पन्ध्रदेखि पच्चिस प्रतिशत न्यूनतम वातावरणीय बहाव (इन्भाइरोमेन्टल फ्लो) सुनिश्चित गर्नु पर्छ।

६. **मत्स्य भर्याङ वा संरचनाका ढोका थुन्न वा भत्काउन नहुनेः** अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा राखिएका मत्स्य भर्याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकालाई थुन्न वा भत्काउन हुँदैन।

शम्भु गिरी
अध्यक्ष

गैडहवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, नेपाल
२०७४

गाउँ सभाको
बैठक संख्याः ..............
मितिः २०७५।१२।१६ ...... को
निर्णय प्रमाणित।

७. **नदी र ताल प्रदूषित गराउन नहुने**: कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम निष्काशन गर्नु पर्नेछ। फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल, नदी वा तालमा चुहावट गर्न वा निष्काशन गर्न गराउन हुँदैन।

८. **पालेको माछा, शङ्खे किरा, झिङ्गे माछा र अन्य जलचर नदी वा तालमा निष्काशन गर्न प्रतिबन्ध**: ताल, तलैया वा पोखरीमा पालेको स्थानीय जातको वा अन्य मुलुकबाट आयातित माछा, झिङ्गे माछा, शङ्खे किरा, कछुवा लगायत जलचर नदी, खोलानाला वा सार्वजनिक ताल, तलैया, पोखरी, दह तथा सिमसार क्षेत्रमा छोड्न वा निष्काशन गर्नु हुँदैन।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "निष्काशन" भन्नाले माछा, झिङ्गे माछा, शङ्खे किरा, कछुवा लगायत अन्य जलचर ल्याएर जम्मा गर्नु वा कुनै हिसाबले वा तरिकाले फुत्किएर, फुत्काएर वा बगेर नदी वा तालमा जानु वा निष्काशन हुनु समेतलाई जनाउँछ।

९. **कार्यपालिकाले आदेश जारी गर्न सक्ने**: (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिएका स्थान, याम, ऋतु, महिनामा नदी वा तालमा कार्यपालिकाको इजाजतबेगर कुनै पनि व्यक्तिले जलचर समात्न, मार्न तथा चोट पुर्याउन नपाउने गरी आदेश जारी गर्न सक्नेछ।

(२) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी माछा तथा अन्य जलचरको संरक्षण सुनिश्चित गर्न नदी वा तालको पुरै वा आंशिक भाग वा कुनै क्षेत्रमा माछा र अन्य जलचर समात्ने, मार्ने, सङ्कलन गर्ने वा क्षति हुन सक्ने क्रियाकलापमा प्रतिवन्ध लगाउन सक्ने एवं कुनै ताल वा नदी खोलानालाको त्यस्तो क्षेत्रलाई संरक्षण घोषणा तथा कायम गर्न सक्नेछ।

(३) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै खास प्रजाति वा महत्वका जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचरलाई संरक्षित तोक्न सक्नेछ र त्यस्ता संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचर, माछा र अन्य जलचर समात्न, मार्न तथा चोट पुर्‍याउन वा क्षति हुन सक्ने कुनै क्रियाकलाप निषेध गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रकाशित आदेशमा तोकिएको ठाउँ वा नदीनालामा रहेका सम्पूर्ण जलचरका सम्बन्धमा कार्यपालिकाको अधिकार रहनेछ।

१०. **स्थानीयबासीको कर्तव्य तथा अधिकार**: (१) दंगीशरण गाउँपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने स्थानीयबासीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधीनमा रही जलचर समात्न वा मार्न र जलीय जैविक विविधताका अवयवहरूको दिगो उपयोग गर्ने अधिकार रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १३ बमोजिम समुदायलाई जिम्मेवारी दिइएको सामुदायिक नदी क्षेत्रबाहेक अन्य नदी वा खोलानालामा गाउँपालिकाले शुल्क लिई अन्य नागरिकलाई समेत यस ऐन वा यस ऐन बमोजिम बनेको नियमावली बमोजिम निकालिएका आदेशको अधीनमा रही जलचर समात्न वा मार्न वा जलीय जैविक विविधताका अवयवहरूको दिगो उपयोगको सुविधा प्रदान गर्न सक्नेछ।

दंगीशरण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
२०७३

गाउँ सभाको
बैठक संख्या: २।२०८१।०८२
मिति २०८२।१२।१६
अध्यक्ष

(३) जलचर, जैविक विविधता तथा जलीय जैविक विविधताका अवयवहरूको संरक्षण तथा दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, समूह, संस्था वा निकायको कर्तव्य हुनेछ।

(४) नदी, ताल वा सिमसारमा कुनै पनि किसिमबाट मिचाहा प्रकृति वा प्रजातिका जलीय जीव वा जलचर नदी, खोलानाला, ताल, तलैया, पोखरी, दह वा सिमसारमा निष्काशन वा बिसर्जन हुन नदिनु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ।

(५) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा, कछुवा लगायत अन्य जलीय वनस्पति र जलचरको विशेष सुरक्षा, संरक्षण एवं संवर्द्धन गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ।

(६) नदी वा तालमा फोहर बिसर्जन, फोहरबाट निस्केको दूषित पानी चुहावट (लिचेट) उत्सर्जन वा ढलको विस्रजन हुन नदिई नदी र ताल प्रदूषित हुनबाट बचाउनु प्रत्येक व्यक्ति, समूह वा निकायको कर्तव्य हुनेछ।

११. **स्थानीय नदी वा तालमा कुनै व्यक्तिलाई हक नहुने**: गाउँपालिकाबाट अनुमति, हक, छुट, सुविधा, पट्टा वा पुर्जी प्राप्त गरी वा अरु कुनै प्रकारले अधिकार प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा समूहलाई गाउँपालिकाको क्षेत्रभित्रको नदी, खोलानाला, पोखरी, तालतलैया तथा दह र सिमसार क्षेत्रमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

१२. **हक हस्तान्तरण गर्न नहुने**: कुनै व्यक्ति वा समूहले स्थानीय नदी वा तालमा आफूले पाएको अनुमति, हक छुट, सुविधा, सहुलियत, पट्टा वा पुर्जी अरु कसैलाई बिक्री गर्न, बन्धकीमा दिन, दान दिन वा सट्टापट्टा गर्न वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न हुँदैन।

## परिच्छेद -३

## समुदायमा आधारित जलचर तथा जलीय जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

१३. **ताल वा नदी व्यवस्थापनको जिम्मेवारी समुदायलाई दिने**: (१) गाउँ कार्यपालिकाले सामुदायिक जलचर संरक्षण समूहलाई विधान बमोजिम ताल वा नदीको कुनै निश्चित भाग वा क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, दिगो उपयोग गर्न तथा प्रचलित कानुनले संरक्षित प्रजाति बाहेकका जलीय जैविक विविधताका अवयवहरू, स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत जलीय वनस्पति र जलचर समात्न, मार्न वा सङ्कलन गर्न, बिक्रीवितरण गर्न र अन्य माध्यमद्वारा प्राप्त लाभको समन्यायिक वितरण गर्न पाउने गरी ताल वा नदीको कुनै भाग सामुदायिक ताल वा नदीको रूपमा समूहलाई व्यवस्थापनको जिम्मेवारी दिन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रमुख प्रशासकीय अधिकृतले समूहहरूलाई परिचालन गरी तोकिएबमोजिम सामुदायिक जलचर संरक्षण समूह गठन गर्न एवं विधान तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम सामुदायिक नदी वा ताल व्यवस्थापनको जिम्मेवारी दिँदा प्रमुख प्रशासकीय अधिकृतले सामुदायिक नदी वा ताल व्यवस्थापन जिम्मेवारीको प्रमाणपत्र दिनेछ।

कार्यपालिकाको कार्यालय

२०७२

गाउँ सभाको अध्यक्ष

बैठक संख्या: २।२०७९।०७२

मिति २०७९।३।१६

(४) गाउँपालिका अध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य वा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम व्यवस्थापन जिम्मेवारी दएको सामुदायिक नदी वा तालको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ।

१४. **सामुदायिक नदी र तालको निर्धारण**: कार्यपालिकाले नदी वा तालको कुनै भाग वा क्षेत्र समूहलाई सामुदायिक नदी वा तालको रूपमा जिम्मेवारी दिँदा गाउँ बस्तीबाट नदी वा तालको दुरी र नदी वा ताल व्यवस्थापन गर्ने स्थानीय समूहको चाहना, व्यवस्थापन क्षमता र परम्परागत उपभोग समेतलाई ध्यान दिनु पर्नेछ।

१५. **सामुदायिक नदी वा तालको जिम्मेवारी दिने र जलचर संरक्षण समूहको गठन तथा दर्ता प्रक्रिया**: (१) कुनै नदी क्षेत्र वा ताललाई सामुदायिक नदी क्षेत्र वा तालको रूपमा व्यवस्थापन गर्न चाहने समुदायका सदस्यहरूले गाउँ कार्यपालिकाको कार्यालयमा लिखित रूपमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृतले यथाशक्य चाँडो प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन प्राविधिक कर्मचारीलाई सम्बन्धित क्षेत्रमा खटाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाका कर्मचारीले सम्बन्धित वडा कार्यालय समेतको सहयोग लिई समूह गठन गर्न र त्यसको विधान तयार गर्न समुदायलाई सहयोग गर्नु पर्नेछ। समूहको विधानमा अन्य कुराका अतिरिक्त दफा १६ मा उल्लिखित कुराहरूको सम्बन्धमा व्यवस्था गरिएको हुनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम तयार भएको विधानमा उल्लेख भए अनुरूप नदी वा तालको सामुदायिक नदी वा तालका रूपमा समुदायलाई जिम्मेवारी दिने भाग वा क्षेत्रमा अवस्थित घरधुरी सदस्य रहने गरी समूहको विधानसहित अनुसूची-१ बमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा समूह दर्ता गराउन दरखास्त दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको दरखास्त दिने समूह त्यसको विधान अनुरूप गठन भएको देखिन आएमा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समूह दर्ता गरी यस ऐन तथा गाउँपालिकाले तोकिदिएको सर्तहरू पालना गर्न कबुलियत गराई अनुसूची-२ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

१६. **समूहको विधानमा रहनु पर्ने कुराहरू**: (१) समूहले देहायका कुराहरू समावेश गरी सामुदायिक जलचर समूहको विधान तयार गर्नुपर्नेछः

(क) समूहको नाम, ठेगाना तथा कार्यहरू, सामुदायिक नदी क्षेत्र वा ताल व्यवस्थापनको उद्देश्य,

(ख) प्रस्तावित सामुदायिक नदी क्षेत्र वा तालको विवरण-नाम, सिमाना, क्षेत्रफल, गाउँ र वडा नम्बर, नदी क्षेत्र वा तालको अवस्था र किसिम,

(ग) सामुदायिक नदी क्षेत्र वा तालको नक्सा, नदी क्षेत्र वा तालको विभाजन र यसको विवरण-सिमाना, क्षेत्रफल, माछा लगायत अन्य जलचरको किसिम, मुख्य जात एवं प्रजाति, उपयोगी जात र प्रजाति तथा प्राकृतिक पुनरुत्पादनको स्थिति,

(घ) समूहलाई जिम्मेवारी दिने नदी क्षेत्र वा ताल क्षेत्रभित्र रहने समूहका सदस्यको घरधुरी क्षेत्रभित्र रहने घरधुरी संख्या, सदस्यहरूको नाम, थर र वतन, पारिवारिक विवरण, महिला पुरुष संख्या,

गाउँ कार्यपालिकाको कार्यालय (छाप)

५औं गाउँ सभाको बैठक संख्या: ...२/२०७९/०८२ मिति २०७९/१२/२६ ...

अध्यक्ष

(ङ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचरीय जैविक विविधताका विभिन्न अवयवहरू, जलीय जैविक विविधताको संरक्षण सम्बन्धी प्रावधान र सम्वर्द्धनमा अन्य कार्यहरू,

(च) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलचरको प्रजनन् क्षेत्र, माछाका भुराहरू खेल्ने र हुर्कने ठाउँ, भाग, त्यस्ता क्षेत्रको विवरण र संरक्षण तथा व्यवस्थापनको तरिकाको विवरण,

(छ) प्रस्तावित सामुदायिक नदी क्षेत्र, खोलानाला, गहिरो रह क्षेत्र, ताल, तलैया, दह, सिमसारको कुन कुन क्षेत्रमा वर्षभरि जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचर समात्न वा मार्न प्रतिवन्ध लगाउने क्षेत्रको विवरण,

(ज) दुर्लभ, सङ्कटासन्न र सङ्कटापन्न प्रजातिका माछा तथा अन्य जलचरहरूको संरक्षण सम्बन्धी प्रावधान,

(झ) जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलीय वनस्पति र जलचरको दिगो रूपमा सङ्कलन कार्य र दोहन नियन्त्रण गर्न अपनाइने तरिकाहरू,

(ञ) एक वर्षमा कुन कुन महिनामा र कुन कुन क्षेत्रमा नेपाल कानुनले वा गाउँपालिकाले संरक्षित तोकेका प्रजातिहरू बाहेकका जलीय स्तनधारी जीवहरू, घस्रने प्राणी, शङ्के किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलचरस सङ्कलन गर्ने हो सो को विवरण,

(ट) हेरालु सम्बन्धी व्यवस्था र माछा तथा जलचरको अनियमित वा गैर कानुनी रूपमा सङ्कलन कार्यको रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायमा आधारित व्यवस्था,

(ठ) माछा र अन्य जलचरको बिक्रीवितरण र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन एवं अन्य श्रोतबाट प्राप्त हुने आम्दानीको उपयोग सम्बन्धी व्यवस्था,

(ड) प्रस्तावित सामुदायिक नदी क्षेत्र वा तालमा एकल महिला, अपाङ्ग, दलित, आदिवासी, जनजाति र विपन्नका लागि समन्यायिक पहुँच, दिगो उपयोग र समन्यायिक लाभको बाँडफाँट सम्बन्धी प्रावधान,

(ढ) एकल महिला, दलित, आदिवासी, जनजाति र विपन्न घरधुरीलाई प्रदान गरिने विशेष सुविधा, सहुलियत र प्रतिफलको विवरण,

(ण) समूहको सदस्यता, सदस्यता प्राप्ति सम्बन्धी व्यवस्था तथा शुल्क, सदस्यता समाप्ति सम्बन्धी व्यवस्था,

(त) समूहको सदस्यता प्रदान गर्दा जलचरमा आश्रित समुदायलाई प्राथमिकता दिने सम्बन्धी व्यवस्था,

(थ) साधारण सभा तथा विशेष साधारण सभा, साधारण सभाको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था,

शम्भु गिरी
अध्यक्ष

गाउँ सभाको
बैठक संख्या:
मिति

(द) कार्यसमितिको गठन, कार्यसमितिका प्रमुख पदहरूमा महिलाको प्रतिनिधित्व सुनिश्चितता सम्बन्धी व्यवस्था,

(ध) कार्यसमितिको काम, कर्तव्य र अधिकार, पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार,

(न) कार्यसमितिका पदाधिकारी वा सदस्यको जिम्मेवारी समाप्त हुने अवस्था,

(प) दफा ३५ बमोजिम सदस्यहरूलाई हुन सक्ने सजाय सम्बन्धी व्यवस्था,

(फ) विधान विपरीत काम गर्ने समूहका सदस्यलाई दिइने सजाय र समूहका सदस्यलाई सजाय दिंदा पूरा गर्नुपर्ने कार्यविधि,

(ब) कार्यपालिकाले तोकेका अन्य विषयहरू।

१७. **समानुपातिक समावेशिता तथा समन्याय कायम गर्नुपर्ने:** (१) समूहका सदस्यमा कम्तीमा एकाउन्न प्रतिशत महिला, आदिवासी, जनजाति तथा विपन्न वर्गका सदस्य रहनु पर्नेछ।

(२) कार्यसमितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष पदमध्ये कुनै दुई पदमा महिलाको प्रतिनिधित्व हुनुपर्नेछ र कार्यसमितिका सदस्यमध्ये कम्तीमा चार जना सदस्य महिला, दलित वा जनजाति समुदायबाट हुनुपर्नेछ।

(३) समूहले महिला, दलित, आदिवासी, जनजाति तथा विपन्न सदस्यलाई अरु सदस्यको तुलनामा जलीय श्रोत र जलचरमा कम्तीमा चालिस प्रतिशत बढी पहुँच र सोको व्यवस्थापनबाट प्राप्त लाभको वितरण गर्नुपर्नेछ।

१८. **सामुदायिक जलचर संरक्षण समूह संगठित संस्था हुने:** (१) सामुदायिक जलचर संरक्षण समूह अविच्छिन्न उत्तराधिकारवाला एक सङ्गठित संस्था हुनेछ।

(२) समूहको एउटा आफ्नो छुट्टै छाप हुनेछ।

(३) समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले ब्रन्दोवस्त गर्न सक्नेछ।

(४) समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

१९. **प्रतिवेदन दिनुपर्ने:** (१) समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सम्बन्धित समूहलाई सुम्पिएको सामुदायिक नदी वा तालको स्थिति समेत खुलाई समूहले आफ्नो क्रियाकलापको वार्षिक प्रतिवेदन गाउँपालिकासमक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँ कार्यपालिकाले सम्बन्धित समूहलाई आवश्यक सुझाव दिन सक्नेछ।

२०. **समूहको कोष:** (१) समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) कोषमा देहायबमोजिमका रकम हुनेछ:-

(क) सदस्यता शुल्कबाट प्राप्त रकम,

(ख) माछा तथा अन्य जलचरको बिक्रीवितरणबाट प्राप्त रकम,

(ग) जलचर र जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त रकम,

(घ) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम,

(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(च) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(छ) कुनै संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ज) जरिवानाबाट प्राप्त रकम,

(झ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) समूहले जलीय जैविक विविधता एवं सामुदायिक नदी वा तालको विकासका निमित्त खर्च गरी बाँकी रहेको रकम तोकिय बमोजिम अन्य सार्वजनिक हितको कार्यमा खर्च गर्न सक्नेछ।

२१. **सामूहिक कोषको सञ्चालनः** (१) समूहको कोष र खाता कोषाध्यक्ष एवं कार्यसमितिले तोकेको एक जना पदाधिकारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(२) समूहको कोषको व्यवस्थापन र खाता सञ्चालनको लागि कार्यपालिकाले तालिमको व्यवस्था गर्न सक्नेछ।

(३) समूहको आम्दानी र खर्चको वार्षिक लेखापरीक्षण समूहको साधारण सभाले तोकेको लेखापरीक्षकबाट हुनेछ।

(४) उपदफा (३) बमोजिमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गराई लेखापरीक्षणको प्रतिवेदनको एक प्रति समूहले गाउँपालिकामा पेस गर्नु पर्नेछ।

(५) अधिकार प्राप्त अधिकारीले समूहले राखेको आम्दानी र खर्चको लेखा समय समयमा जाँचबुझ गर्न सक्नेछ।

(६) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२२. **सामुदायिक नदी वा तालको लगत राख्नेः** (१) प्रमुख प्रशासकीय अधिकृतले समूहलाई नदी वा तालको व्यवस्थापनको जिम्मेवारी दिएपछि सोको लगत आफ्नो कार्यालयमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लगत नजिकको डिभिजन वन कार्यालय वा सब-डिभिजन वन कार्यालयमा समेत दिनु पर्नेछ।

२३. **जलचरको तथ्याङ्क राख्नेः** (१) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्रको नदी, खोलानाला, ताल, तलैया, पोखरी, दह तथा सिमसार क्षेत्रमा पाइने जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा, झिङ्गे माछा लगायत अन्य जलचरको विशेषज्ञ मार्फत सर्वेक्षण गराई लगत अभिलेख आफ्नो कार्यालयमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले राख्ने लगत कार्यपालिकाले प्रत्येक तीन वर्षमा अद्यावधिक गर्नु पर्नेछ।

२४. **स्वामित्व हस्तान्तरण नहुनेः** यस ऐनको दफा १३ बमोजिम कुनै नदी क्षेत्र वा ताल गाउँपालिकाले समूहलाई सामुदायिक नदी वा तालको रूपमा व्यवस्थापन गर्न समूहलाई दिइएको कारणले मात्र नदी वा तालको स्वामित्व हस्तान्तरण हुने छैन।

२५. **सामुदायिक नदी वा तालमा गर्न नहुने काम**: (१) समूहले सामुदायिक नदी वा तालमा विधानले निषेध गरेका कार्यका अतिरिक्त देहायको कुनै कार्य समेत गर्नु गराउनु हुँदैनः-

(क) नदी वा ताल र माछा लगायत अन्य जलचर मास्न, सामुदायिक नदी वा तालले चर्चेको जग्गा धितो बन्धकी राख्न वा कुनै किसिमले हस्तान्तरण गर्न,

(ख) जलचर संरक्षण ऐन, २०१७ विपरीत जलचर पक्रन, मार्न वा अन्य कार्य गर्न,

(ग) प्रचलित कानुन विपरीत वन्यजन्तु पक्रन वा मार्न,

(घ) भू-क्षय हुने कुनै काम गर्न,

(ङ) कार्यपालिकाको अनुमति बेगर माटो, ढुङ्गा, गिट्टी, बालुवा आदि निकाल्न वा ओसारपसार गर्न,

(च) जलीय जैविक विविधताको बासस्थान, खाद्य चक्र र जलीय जैविक विविधतामा ह्रास आउने अन्य कुनै कार्य गर्न,

(छ) तोकिएका बमोजिमका अन्य कार्यहरू।

२६. **जलचरको सङ्कलन तथा बिक्रीवितरण**: (१) समूहले विधानमा व्यवस्था भएबमोजिम माछा र अन्य जलचर सङ्कलन तथा बिक्रीवितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माछा लगायत अन्य जलचर सङ्कलन गर्ने, नदी क्षेत्र वा ताल क्षेत्रमा समूहले संरक्षण गर्ने र पुनरुत्थानको कार्य समेत गर्नु पर्नेछ।

(३) समूहले विधान अनुसार जलीय जैविक विविधता मैत्री उद्यम वा पर्यापर्यटन सञ्चालन गर्न सक्ने भएमा कार्यपालिकाको स्वीकृति लिई तोकिएबमोजिम त्यस्तो उद्यम सञ्चालन गर्न सक्नेछ।

२७. **विधानमा संशोधन**: (१) समूहले सामुदायिक जलचर व्यवस्थापन सम्बन्धी विधानमा समूहको साधारण सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतको निर्णय बमोजिम संशोधन गर्न सक्नेछ र त्यस्तो संशोधन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएपछि लागु हुनेछ।

(२) उपदाफा (१) बमोजिम समूहले विधानमा गरेको संशोधनले नदी वा ताल तथा जलचर वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संशोधनको जानकारी प्राप्त भएको तीस दिनभित्र समूहलाई सो संशोधन लागु नगर्न निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समूहको कर्तव्य हुनेछ।

२८. **नवीकरण गराउनु पर्ने**: समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गाउँ कार्यपालिकाको कार्यालयमा समूहको नवीकरण गराउनु पर्नेछ।

२९. **सामुदायिक नदी वा ताल फिर्ता लिन सकिने**: (१) दफा १३ बमोजिम सुम्पिएको सामुदायिक नदी वा ताल समूहले विधान बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा ताल वा नदी तथा जलचर, जलीय जैविक विविधता वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन बमोजिम बनेको नियम बमोजिम पालना गर्नुपर्ने सर्तहरू पालना नगरेमा कार्यपालिकाले त्यस्तो समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक नदी वा ताल फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम समूहको दर्ता खारेज गरी सामुदायिक नदी वा ताल फिर्ता लिने निर्णय गर्नुअघि त्यस्तो समूहलाई आफ्नो सफाइ पेस गर्ने मौका दिइनेछ।

गाउँ कार्यपालिकाको कार्यालय
कार्यपालिकाको
२०७४

२ औं गाउँ सभाको
बैठक संख्या: २/२०७९/०८२
मिति २०७९/१२/१६
निर्णय प्रमाणित।

अध्यक्ष

(३) उपदफा (२) बमोजिम सफाइ पेस गरेमा सफाइ सन्तोषजनक पाइएका समूहका पदाधिकारीलाई भविष्यमा यस ऐन, नियम तथा प्रचलित ऐन र समूहको विधानको पूर्णतः पालना गर्ने कागज गराई समूहको दर्ता खारेज गर्ने प्रक्रिया अन्त्य गरिनेछ।

(४) उपदफा (१) मा जुनसकै कुरा लेखिएको भए तापनि समूहका पदाधिकारीहरूले समूहको हकहितको नाममा विधान विपरीत कुनै काम कारबाही गरेको भनी समूहको उजुरी परेमा त्यस्ता पदाधिकारीलाई यस ऐन बमोजिम सजाय हुनेछ।

(५) उपदफा (३) बमोजिम कागज गराई सामुदायिक जलचर संरक्षण समूहको संरक्षण, व्यवस्थापन गर्न समूहलाई निरन्तरता प्रदान गरेकोमा सो समूहले पुनः उपदफा (१) मा उल्लेख भएका क्रियाकलाप गरेमा कार्यपालिकाले निर्णय गरी समूहको दर्ता खारेज र सामुदायिक नदी वा ताल फिर्ता लिन सक्नेछ।

(६) उफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि समूहका पदाधिकारीहरूले समूहको हितको नाममा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारबाही गरेमा निजलाई यस ऐन बमोजिम सजाय गर्न बाधा पुर्याएको मानिने छैन।

३०. **<u>सामुदायिक नदी तथा ताल पुनः जिम्मेवारी दिन सक्ने</u>**: दफा २९ को उपदफा (५) बमोजिम फिर्ता लिएको सामुदायिक नदी, खोलानाला, ताल, तलैया, पोखरी, दह तथा सिमसार क्षेत्र दफा ४२ बमोजिम तत्काल निर्णय बदर भएमा कार्यपालिकाले साबिककै समूहलाई पुनः जिम्मेवारी दिन सक्नेछ।

३१. **<u>विधान विपरीत काम गर्नेलाई दण्ड जरिवाना</u>**: (१) सामुदायिक नदी वा ताल कुनै सदस्यले विधान विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित समूहले उपयुक्त नसिहत दिन वा जरिवाना गर्न सक्नेछ र कुनै हानिनोक्सानी भएकोमा बिगो समेत असुलउपर गर्न सक्नेछ।

(२) समूहको सदस्य नभएको व्यक्तिले यस ऐन वा विधान विपरीत कुनै कार्य गरेमा त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिमको जरिवानाका अतिरिक्त समूहको कार्यसमितिको निर्णय बमोजिम निर्धारण गरेको जरिवाना समेत हुनेछ।

३२. **<u>जलीय जैविक विविधता, सामुदायिक नदी वा ताल संरक्षणको लागि खर्च गर्नुपर्ने</u>**: समूहले विधान बमोजिम आर्जन गरेको आयबाट कम्तीमा पैंतिस प्रतिशत रकम सामुदायिक नदी वा तालको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ र बाँकी रकम समूहको हितको लागि विकास एवं जीविकोपार्जन सम्वर्द्धन कार्यमा खर्च गर्न सक्नेछ।

३३. **<u>सामुदायिक नदी वा तालमा कार्यक्रम सञ्चालन गर्न सक्ने</u>**: सम्बन्धित समूहले विधानको अधीनमा रही सामुदायिक नदी वा तालमा जलचर र जलीय जैविक विविधता मैत्री उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

अध्यक्ष

**परिच्छेद-४**

**<u>कसुर तथा जरिवाना</u>**

गाउँपालिका कार्यपालिकाको कार्यालय

गाउँ सभाको
बैठक संख्या:
मिति

३४. <u>कसुर</u>ः कुनै व्यक्ति वा संस्थाले देहायबमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछः-

(क) कुनै व्यक्तिले कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने वा मार्ने अभिप्रायले जानी जानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्ने,

(ख) बबई नदीमा माछा र जलचर समात्ने अभिप्रायले जालको आँखाको साइज तीन दशमलव पाँच सेन्टीमिटर (पैंतीस मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच सेन्टीमिटर (पचहत्तर मिलिमिटर) ठुलो प्वालको जाल, महाजाल र करेण्ट जाल जस्ता जाल प्रयोग गर्ने,

(ग) बबई नदी बाहेक अन्य खोला वा नालामा जलचर समाउने वा मार्ने अभिप्रायले जालको प्रयोग गर्दा जालको आँखाको साइज एक दशमलव पाँच (पन्ध्र मिलिमिटर) भन्दा सानो साइज र सात दशमलव पाँच (पचहत्तर मिलिमिटर) वा सोभन्दा ठुलो आँखाको साइज भएको जाल, महाजाल र करेण्ट जाल (गिल नेट) प्रयोग गर्ने,

(घ) कसैले पनि जलचर समात्न वा मार्नका लागि जालको आँखाको साइज एक दशमलव पाँच (पन्ध्र मिलिमिटर) भन्दा सानो प्वाल भएको र सात दशमलव पाँच (पचहत्तर मिलिमिटर) भन्दा ठुलो आँखाको साइज भएको जाल, महाजाल वा करेन्ट जाल (गिल नेट) पैठारी वा बिक्री वितरण गर्ने,

(ङ) अधिकार प्राप्त व्यक्ति वा संस्था बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि नदी वा तालमा रहेको मत्स्य भर्‍याङ, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरूलाई थुनेमा वा भत्काएमा,

(च) तोकिएका जातिका जलचरहरूलाई गाउँपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जाती समात्न, मार्न तथा चोट पुर्याउने कार्य गरेमा,

(छ) गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशित आदेशद्वारा सोही आदेशमा तोकिएका ठाउँको सामुदायिक नदी बा तालमा कार्यपालिकाको इजाजत बेगर कुनै पनि व्यक्तिले जानी जानी जलचरहरू समात्न, मार्न तथा चोट पुर्याउन नपाउने गरि जारी गरेको सूचनाको उल्लङ्घन गरेमा,

(ज) दफा ५ बमोजिम बाँध सञ्चालन गर्ने निकायले नदी वा तालको न्युनतम् प्रवाहको पन्ध्रदेखि पच्चीस प्रतिशत न्युनतम् वातावरणीय बहाव कायम नगरेमा,

(झ) कार्यपालिकाले तोकेको संरक्षित जलीय स्तनधारी जीव, घस्रने प्राणी, शङ्खे किरा, माछा लगायत अन्य जलीय वनस्पति र अन्य जलचरलाई समातेमा, मारेमा, चोट पुर्याएमा वा क्षति पुर्याएमा।

३५. <u>जरिवाना</u>ः (१) दफा ३४ को खण्ड (क) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पहिलो पटक भए तीन हजार रुपैयाँसम्म जरिवाना, दोश्रो पटक सोही कसुर गरेमा पाँच हजार रुपैयाँ र तेश्रो वा सोभन्दा बढी पटक सोही कसुर गरेमा प्रत्येक पटकको लागि दश हजार रुपैयाँका दरले जरिवाना हुनेछ।

गाउँपालिका
कार्यपालिकाको कार्यालय

गाउँ सभाको
बैठक संख्याः
मिति

(२) दफा ३४ को खण्ड (ख), (ग), (घ) र (च) बमोजिमको कसुर गर्नेलाई दुई हजार रुपैयाँसम्म जरिवाना, दोश्रो पटक सोही कसुर गरेमा तीन हजार रुपैयाँदेखि छ हजार रुपैयाँसम्म जरिवाना र सोही कसुर तेश्रो वा सोभन्दा बढीपटक गरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) दफा ३४ को खण्ड (ङ) बमोजिमको कसुर गर्नेलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) दफा ३४ को खण्ड (छ) र (ज) बमोजिमको कसुर गर्नेलाई पहिलोपटक भए तीनहजार रुपैयाँसम्म जरिवाना, दोश्रो पटक सोही कसुर गरेमा तीन हजारदेखि छ हजार रुपैयाँसम्म जरिवाना र सोही कसुर तेश्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि नौ हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(५) दफा ३४ को उपदफा (झ) बमोजिमको कसुर गर्नेलाई पहिलो पटक एक हजार रुपैयाँ, सोही कसुर दोश्रो पटक गरेमा तीन हजार रुपैयाँ र तेश्रो पटक नौ हजार रुपैयाँसम्म जरिवाना र सोही कसुर चौथो पटक वा सोभन्दा बढी पटक सोही कसुर गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

३६. **पुरस्कार दिइने**: (१) यस ऐन बिपरीत कसुर हुन लागेको सुराक दिने वा अभियुक्त पक्राउ गर्न सहयोग गर्नेलाई कसुरदारलाई हुने जरिवानाको पन्ध्र प्रतिशतले हुने रकम पुरस्कार स्वरुप प्रदान गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सुराकीको नाम, थर, वतन गोप्य राखिनेछ।

३७. **अनुसन्धान अधिकृत तोक्ने**: यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धान गर्न गाउँपालिकाले कुनै अधिकृतस्तरको कर्मचारीलाई अनुसन्धान अधिकृतको रूपमा तोक्न सकिनेछ।

३८. **कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी**: (१) यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

(२) यस ऐन बमोजिम कारबाही तथा दण्ड जरिवाना हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ।

३९. **प्रचलित कानुन बमोजिम सजाय हुने**: यस ऐन अन्तर्गत कसुर मानिने कुनै कार्य अन्य प्रचलित कानुन बमोजिम समेत कसुर हुने रहेछ भने त्यस्तो कसुरमा प्रचलित कानुन बमोजिम मुद्दा चलाई कारबाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन।

४०. **पुनरावेदन दिन सकिने**: दफा २९ बमोजिम कार्यपालिकाको निर्णय उपर चित्त नबुझेमा वा दफा ३५ बमोजिम गरेको सजाय उपर चित्त नबुझेमा त्यस्तो चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो आदेश भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

४१. **जलचर र तत्सम्बन्धी औजार, मालवस्तु कब्जा गर्न सक्ने**: (१) कुनै माछा वा अन्य जलचर सम्बन्धमा यो ऐन उल्लंघन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्तो माछा र अन्य जलचर र कसुरसँग सम्बन्धित औजार वा हतियारलाई गाउँपालिकाका कर्मचारी वा प्रहरीले कब्जा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कब्जा गर्ने कर्मचारीले सो कब्जा गरिएको औजार, मालवस्तुको विवरण खोली कसुरसँग सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिई त्यस्तो मालमा खास चिन्ह लगाई नापजाँच गरी यथाशक्य चाँडो वडा कार्यालय वा गाउँपालिकाको कार्यालयमा प्रतिवेदन र औजार पेस गर्नु पर्नेछ।

अध्यक्ष

गाउँपालिका कार्यपालिकाको कार्यालय

१८औं गाउँ सभाको
बैठक संख्याः

(३) उपदफा (१) बमोजिम कब्जा गरिएको औजार, हतियार, माल वस्तु इत्यादि न्यायिक समितिको आदेशउपर पुनरावेदन नगरेमा पुनरावेदनको म्याद सकिएपछि र पुनरावेदन परेको अवस्थामा जिल्ला अदालतको फैसला अनुरूप नष्ट गर्नुपर्छ।

## परिच्छेद -५
## विविध

४२. **पुनरवलोकन हुने**: यस ऐनको कार्यान्वयन अवस्थाको समीक्षा प्रत्येक पाँच वर्षमा पुनरवलोकनको माध्यमबाट गर्न सकिनेछ।

४३. **अनुगममन समिति**: जलचर एवं जलीय जैविक विविधता संरक्षणका सम्बन्धमा यस ऐन बमोजिम उपाध्यक्षको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधि, सरोकारवाला निकायको प्रतिनिधि समेत रहने गरी तोकिए बमोजिम एक अनुगमन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार यस ऐनका अतिरिक्त तोकिए बमोजिम हुनेछ।

४४. **अधिकार प्रत्यायोजन**: गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कुनै सदस्य, कार्यालय, कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४५. **प्रचलित कानुन बमोजिम हुने**: यस ऐनमा लेखिएको वियषमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

४६. **नियम बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४७. **बचाउ**: यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ।

गाउँपालिका कार्यपालिकाको कार्यालय

गाउँ सभाको बैठक संख्या: ... मिति: ...

शम्भु गिरी
अध्यक्ष

## अनुसूची-१

(दफा १५ को उपदफा (४) सँग सम्बन्धित)

### सामुदायिक जलचर संरक्षण समूह दर्ताको लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ।

जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन, २०८१ को व्यवस्था बमोजिम सामुदायिक जलचर संरक्षण समूहको गठन गरी समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेस गरेका छौं। समूहको दर्ता गरी आवश्यक प्राविधिक तथा अन्य सहयोग समेत प्रदान गर्नु हुन अनुरोध गर्दछौं।

निवेदक

.......................................................सामुदायिक जलचर संरक्षण समूहको तर्फबाट

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

मितिः ..................................................

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२८औं गाउँ सभाको
बैठक संख्या: २।२०८१।०८२
मिति २०८२।१२।१६

शम्भु गिरी
अध्यक्ष

## अनुसूची-२

(दफा १५ को उपदफा (५) सँग सम्बन्धित)

**<u>सामुदायिक जलचर संरक्षण समूह दर्ता प्रमाणपत्रको नमुना</u>**

दंगीशरण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

दर्ता नं. मितिः

*समूह दर्ताको प्रमाणपत्र*

श्री...........................................................सामुदायिक जलचर संरक्षण समूह ............ .......... ............ .......... ......... ............ .................... यस गाउँपालिकाको मिति......................................को निर्णयानुसार जलचर एवं जलीय जैविक विविधता संरक्षण ऐन २०८१ ले दिएको अधिकार प्रयोग गरी श्री.......................................................सामुदायिक जलचर संरक्षण समूहलाई दर्ता गरी जलचर र जलीय जैविक विविधताको संरक्षण, दिगो उपयोग र सोबाट प्राप्त लाभको समन्यायिक वितरण गर्न सफलता मिलोस् भन्ने शुभकामनाका साथ यो प्रमाण-पत्र प्रदान गरिएको छ।

पालना गर्नुपर्ने विशेष सर्तहरू

१.

२.

३.

..................................................सामुदायिक जलचर संरक्षण समूहको विवरण

सामुदायिक जलचर संरक्षण समूहको क्षेत्रः

जम्मा घरधुरी संख्याः

कुल जनसंख्याः

प्रमाणपत्र दिने अधिकृतको,

नामः दर्जाः दस्तखतः मितिः

<u>द्रष्टव्यः</u> यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन एक हजार रूपैयाँ दस्तुर लाग्नेछ।

गाउँ सभाको
बैठक संख्याः
मिति

शम्भु गिरी
अध्यक्ष